# अध्याय एक : शोधपरिचय

## पृष्ठभूमि

साहित्यमा भाषालाई सर्वश्रेष्ठ तत्वको रुपमा लिइन्छ । भाषाद्धारा अमूर्त वस्तुलाइ मूर्त रुप दिन सकिन्छ ।साहित्यका विभिन्न विधा जस्तै नाटकलाइ पनि भाषालेनै मूर्त रुपमा प्रकट गर्न वा जीवित राख्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी भाषाकैरुपमा रहेर नाटक एक शक्तिशाली विधाको रुपमा रहेको छ । समयसँगै भाषापनि निरन्तर रुपमा परिवर्तन हुने गर्दछ । यसैक्रममा भाषाका क्षेत्रहरुले व्यापक आयाम लिएको छ । भाषाका विभिन्न क्षेत्रमध्ये सबैभन्दा उपयोगी र व्यवहारिक क्षेत्र प्रायोगिक भाषाविज्ञान हो । यसले सैद्धान्तिक नियमलाई व्यवहारमा ल्याउने कार्य गर्दछ ।

प्रायोगिक भाषाविज्ञान शब्द बिसौं शताब्दीमा देखापरेको हो ।यसको सुरुआत दोस्रो वा विदेशी भाषा शिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सन्दर्भलाई लिएर भएको हो तर अहिले यसको प्रयोग र अध्ययन क्षेत्र भाषा शिक्षणमा मात्र सीमित नभइ भाषा सम्बन्धी यावत प्रयोग परक अध्ययनका क्षेत्रमा तीव्र गतिले विस्तार हुँदै गएको छ *( पौडेल,२०६९,३) ।* भाषाविज्ञानको एक शाखाका रुपमा विकसित भएको प्रायोगिक वर्तमान समयमा एउटा छुट्टै क्षेत्रका रुपमा स्थापित छ । जसलाई दुइ भागमा वर्गीकरण गरिएको छ । १.सीमित /लघु क्षेत्र २.व्यापक /बृहत क्षेत्र । सीमित क्षेत्र अन्तर्गत भाषाशिक्षणको अध्ययन गरिन्छ भने व्यापक क्षेत्र अन्तर्गत कोशनिर्माण, अनुवाद, साहित्यिक कृतिको विश्लेषण आदि पर्दछ । यसअन्तर्गतको सङ्कथन विश्लेषण पनि एक हो । जसले समग्र कृतिको अभिव्यक्ति गर्दछ ।

सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ र भाषाको सबभन्दा माथिल्लो तथा सिङ्गो अभिव्यक्तिगत एकाइ पनि हो*(पौडेल,२०६९,१५)* । भाषाकासङ्कथनात्मक एकाइहरुको नियम र सीमाहरुको खोजी गर्ने , अध्ययन अनुसन्धान गर्ने विषयलाइनै सङ्कथन विश्लेषण भनिन्छ*(पौडेल,२०६९,१५)।* पहिले पहिले कथ्य अभिव्यक्ति ( भाषण,प्रवचन,पुराण)आदिलाइ मात्र सङ्कथन मानिन्थ्यो भने वर्तमान समयमा कथ्य र लेख्य दुवै वाक्यभन्दा माथिल्ला अभिव्यक्तिलाई सङ्कथन मानिन्छ । सङ्कथनमा भाषिक तत्वहरुका अतिरिक्त भाषेतर तत्वको पनि प्रयोग हुने गर्दछ ।सङ्कथन लेख्य र कथ्य हुन्छन् जसमा

लेख्य सङ्कथन अन्तर्गत कथा,नाटक,जीवनी,निबन्ध आदि पर्दछन् । लेख्य सङ्कथन अन्तर्गत पर्ने नाटक साहित्यको अभिनयात्मक विधा हो । प्रस्तुत शोधमा आधुनिक नेपाली नाटककार गोपालप्रसाद रिमालद्वारा लिखित मसान नाटकको सङ्कथन विश्लेषण गरिएको छ।
सङ्कथन विश्लेषणलाई अझ प्रष्ट निम्न परिभाषा प्रस्तुत गरिएको छ :

भाषाविद्हरुले निर्माण गरेका वाक्यहरु एक्ला वा सन्दर्भ विहीन छैनन् र एक आपसमा अन्तर्सम्बन्धित छन् भने सङ्कथन भनिन्छ र तिनै सान्दर्भिक कथ्य भएका वाक्यहरुको अध्ययनलाई सङ्कथन विश्लेषण भनिन्छ ।

माइकेल स्टब्स(सन्१९८३)सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ , उद्देश्य र एकत्व सम्बन्धि ग्रहण प्रक्रियाहरु कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो ।एन्साक्लोपेडिक डिक्सनरी अफ एप्लार्प्ईड लिङ्ग्विस्टिक्स(सन् १९९९)

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय,शिक्षाशास्त्र सङ्काय,नेपाली भाषाशिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको पाठ्यांश नेपा.शि.को प्रयोजनार्थ तयार पारिएको छ । यस अध्ययनमा नाटककार गोपाल प्रसाद रिमालद्वारा लिखित मसान नाटकको अघिल्लो आधा भागको दृष्य १ मा समाविष्ट भएका सम्बद्धक र सम्बद्धन पत्ता लगाई तिनको विश्लेषण समेत गर्ने प्रयास भएको छ ।

**समस्या कथन**

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेकोछ :-

(क) मसान नाटकको दृश्य १ मा के कस्ता सम्बद्धकको प्रयोग भएका छन्?

(ख) मसान नाटकको दृश्य १ मा के कस्ता सम्बद्धनको प्रयोग भएका छन्?

(ग)मसान नाटकको दृश्य १ मा सम्बद्धक र सम्बद्धनको उपयुक्तता कस्तो रहेको छ?

**अध्ययनको उद्देश्यहरू**

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा आधारित रहेको छ :-

(क) मसान नाटकको दृश्य १ मा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु र,

(ख) मसान नाटकको दृश्य १ मा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु ,

(ग)मसान नाटकको दृश्य १ मा सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्ता लगाउनु ।

**अध्ययनको औचित्य तथा महत्व**

कुनै पनि अध्ययनको खास औचित्य तथा महत्व रहेको हुन्छ । यस अध्ययनको औचित्य निम्नानुसार रहेको छ :

(क) यस अध्ययनले शिक्षकलाई मसान नाटक पढाउनका लागि सहजता प्रदान गर्ने,

(ख) शिक्षा सम्बन्धी नीतिनिर्माण गर्दा विद्यार्थीको क्षमता योग्यता वा रुचिसम्बन्धी यस अध्ययनका माध्यमबाट थाहा पाउने भएकाले स्तरअनुसारको शिक्षा दिनमा उपयोगी रहने,

(ग) पाठ्यक्रमनिर्माता /पाठ्यक्रमविद्लाई पाठ्यक्रम निर्माण गर्नमा सहयोगी भूमिका खेल्नेछ । किनभने वी.एड्. मा समावेश यस विषयको अध्ययन कुन कुन तहका विद्यार्थीले अध्ययन गरे भन्ने बारे जानकारी दिने,

(घ) यस अध्ययन पश्चात् पाठ्यपुस्तक लेखकले प्रयुक्त अध्ययनलाई आधार मानि पाठ्यपुस्तकमा आवश्यक लेख रचना समावेश गर्न सक्ने,

(ङ) सङ्कथन विश्लेषणसम्बन्धी थप अध्ययनकर्ताका लागि सन्दर्भसामग्रीका रुपमा रहने,

(च) भाषाका सिद्धान्तका बारेमा पनि अध्ययन गर्ने भएकाले यस अनुसन्धान भाषिक अनुसन्धानका लागि पनि उपयोगी रहने छ ।

**अध्ययनको सीमाङ्कन**

यस अध्ययनको सीमा निम्नानुसार रहेको छ :-

-यस अध्ययन नाटककार गोपालप्रसाद रिमालको 'मसान' शीर्षक नाटकको अघिल्लो आधा भागको दृश्य १ मा रहेका १७७ ओटा वाक्यमा प्रयुक्त सङ्कथन विश्लेषणमा केन्द्रित रहको छ,

-प्रस्तुत अध्ययनमा मसान नाटकको सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषणमा केन्द्रित छ,

-यस अध्ययनका लागि पुस्तकालयीय कार्य र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

**परिभाषिक पद/पदावली**

यस अध्ययनमा प्रयोग उभकत केहि पारिभाषिक शब्दहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

नाटक = मसान नाटक

सङ्कथन = सङ्कथन विश्लेषण(भाषाको उच्चतम एकाइ)

सम्बद्धक = भाषिक एकाइका बिचमा सम्बन्ध स्थापना गरी प्रसङ्पूर्ण बनाउने युक्ति

सम्बद्धन = वक्ता वा लेखकले  अभिव्यक्त गरेको विषयवस्तु बिचार वा ज्ञान

प्रस्तोता =सङ्कथन अभिव्यक्ति गर्ने व्यक्ति

बोद्या =सूचनाको ग्रहण गर्ने व्यक्ति

माध्यम = सङ्कथनलाई प्रवाह गर्ने भाषा

विषय =शीर्षक

कोड =भाषिक चिन्ह र सङ्केत

**शोधपत्रको रुपरेखा**

अध्याय एक : शोध परिचय

अध्याय दुइ : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन : अध्ययन विधि/ प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण,वर्ण विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची :

परिशिष्ट :

व्यक्तिवृत्त :

**अधयाय दुई**

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक/धारणात्मक संरचना

## पुस्तकको समीक्षा

अधिकारी (२०५६) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान*मा खण्ड क र खण्ड ख गरी दई ओटा खण्ड रहेका छन् । जसमा खण्ड ख अन्तर्गत सङ्कथन विश्लेषणको वर्णन पाइन्छ । पेज नं २६७-२७७ सम्म सङ्कथन विश्लेषणको परिचय, सङ्कथन विश्लेषणको पृष्ठभूमि र विकास, सङ्कथन विश्लेषणको महत्व, कथ्य र लेख्य सङ् कथनकायुक्तिहरू, सम्बद्कको भूमिका सम्बधनको भूमिका, सङ्कथनका तत्वहरु र सङ्कथन विश्लेषण र भाषा शिक्षण रहेको छ ( पेज नं २६७-२७७)।

ढकाल (२०६९) द्वारा प्रायोगिक *भाषाविज्ञानका प्रमुख आयाम* पुस्तक लेखिएको हो। यस पुस्तकमा ११ ओटा एकाइ रहेका छन् । जसमा एकाइ २ अन्तर्गत सङ्कथन विश्लेषण रहेको छ । जम्मा ३३७ पेजमा रहेको यो पुस्तकमा पेज न. १७-३२सम्म सङ्कथन विश्लेषण समावेश छ । वाक्य भन्दा माथिल्ला एकाइ वा तिनको अभिव्यक्तिलाई नै यहाँ सङ्कथन विश्लेषण भनिएको छ। सङ्कथन विश्लेषणको परिचय र परिभाषा, महत्व, प्रकार, सङ् कथनका युक्तिहरु, तत्वहरू, सङ्कथन विश्लेषण र भाषा शिक्षणलाई विस्तृत रूपमा वर्णन गरिएको छ (पेज न. १७-३२)।

न्यौपान टङ्कप्रसाद र अन्य (वि.स. २०६९) द्वारा *सामान्य भाषाविज्ञान* पुस्तक लेखिएको छ। जसमा नौ एकाइ रहेको छ । जस अन्तर्गत एकाइ १ ‘भाषा र भाषाविज्ञानको परिचय’ मा सङ्कथन विश्लेषण रहेको छ । भाषाविज्ञानका शाखा अन्तर्गत सङ्कथन विश्लेषणलाई समावेश गरिएको छ । जसमा भाषाको पूर्ण एवम् सिङ्गो अभिव्यक्तिका रूपमा सङ्कथन विश्लेषणलाई चिनाइएको छ। साथै सम्बन्धक र सम्बधनको पनि छोटो जानकारी दिइएको छ। यहाँ सम्बन्धक अन्तर्गत सार्वनामिक, कालिक, दैशिक पर्दछ भने सम्बन्धनलाई वक्ता र श्रोताको अन्वितिका रूपमा देखाइएको छ ।

पौडेल (२०७३) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* पुस्तक लेखिएको हो। यस पुस्तकमा ११ ओटा एकाइ रहेका छन्  । एकाइ २ मा सङ्कथन विश्लेषण रहेको छ । जसअन्तर्गत सङ्थनको परिचय, सङ्कथनको सैधान्तिक अवधारणा, कथ्य र लेख्य सङ्

कथन, सङ्कथनका युक्तिहरु १. सम्बद्धक (सार्वनामिक, स्थानिक तथा कालिक, संयोजन, पुनरावृति प्रतिस्थापन, लोप, कोशीय अर्थ सम्बन्ध र अन्य ),२. सम्बद्धन, सङ्कथनका तत्वहरु (प्रस्तोता, वोद्या माध्यम, रचनाको स्वरूप, शीर्षक, कोड, परिवेश) र सङ्कथन विश्लेषण र भाषा शिक्षण रहेको छ। (पेज नं १५-३३)

ढुङ्गेल र दाहाल (२०७४) द्वारा *प्रायोगिक भाषाविज्ञान* पुस्तक लेखिएको हो । यो पुस्तकमा १० ओटा अध्याय र २६३ पेज रहेको छ । जसमा अध्याय १० मा सङ्कथन विश्लेषण एउटा छुट्टै अध्यायमा रहेको छ । यहाँ सङ्कथनको परिचय, सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा, सङ्कथन विश्लेषणका क्षेत्रहरू, सङ्कथनका प्रकार ( लेख्य, कथ्य र साङ्केतिक सङ्कथन), सङ्कथनका युक्तिहरु (सम्बद्धक, सम्बद्धन), भाषा शिक्षणमा सङ्कथन विश्लेषणको उपयोगिता रहेको छ । (पेज न.२३५- २५६ ) ।

**शोधको समीक्षा**

भण्डारी (२०७३), त्रि.वि. शिक्षाशास्त्र अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षा विभाग अन्तर्गत 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन शोध कार्य भएको छ । उक्त शोधकार्यको समस्या सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार पत्ता लगाउनु, अछूत जातिलाई टीका लगाउँदा निबन्धमा सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्ता लगाउनु रहेको छ । उद्देश्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु, निबन्धमा प्रयुक्त सम्बद्धक रसम्बद्धनहरुको पहिचान र विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ ।

यो शोधकार्य मुख्यगरी पुस्तकालय विधिमा केन्द्रित रहेको छ। यस 'अछूत जातिलाई टीका लगाउदा' निबन्ध प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउन विभिन्न प्राथमिक र द्वितीयाक स्रोतको प्रयोग गरिएको छ जसमा प्राथमिक स्रोतमा उक्त निबन्ध रहेको छ भने द्वितीयक स्रोतका रुपमा बिभिन्न सम्बन्धित पुस्तकहरु, अप्रकाशित शोधपत्र र सम्बन्धित लेख रचनाहरूको प्रयोग भएको पाइन्छ । यस शोधको नमुनाका लागि उक्त निबन्धका ११० ओटा वाक्यहरूलाई लिएको छ । एकदेखी एक सय दश सम्म छुट्याएर ११-११ ओटा वाक्यहरु भएका १० वाक्यसङ्ख्या श्रेणी बनाई प्रस्तुत निबन्धलाई १० छुट्टाछुटै तालिका बलाई सम्बद्धकका प्रकारका आधारमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै संरचनामा छुट्याइएको

छ। प्रस्तुत शोधपत्रमा शीर्षशोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रकिया अन्तर्गत पुस्तकालयीय कार्यको प्रयोग गरी गरिएको छ भने प्रस्तुतिमा वर्णनात्मक विधिको प्रयोग भएको छ। प्रस्तुत निबन्ध सम्बद्धनप्रयोगका दृष्टिले अन्वितिपूर्ण रहेको पाइन्छ । प्रस्तुत निबन्ध सरल वाक्यगठन र अभिधात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध्य बनेको छ । समग्रमा प्रस्तुत निबन्ध सम्बद्धन प्रयोगका दृष्टिले उपयुक्त रहेको छ भन्ने निष्कर्ष उक्त शोधको रहेको छ (भण्डारी,२०७३:६९)।

घिमिरे (२०७४) द्वारा त्रि. वि. शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षा विभाग अन्तर्गत 'जय भोलि' निबन्धको सङ्कथन विश्लेषण शोधकार्य भएको पाइन्छ। उक्त शोध प्रबन्ध को समस्या कथनका रुपमा 'जय भोली' निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोग भएको छ र तिनको उपयुक्तता के कस्तो छ भन्ने रहेको छ भने उद्देश्यमा जय भोलि निबन्धमा प्रयुक्त सम्बद्धक रसम्बद्धनको पहिचान र विश्लेषण गर्नु साथै सम्बद्धक र सम्बद्धनका दृष्ट्रिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ । यो शोधकार्य मूलतः पुस्तकालयीय विधि र वर्णनात्मक विधिमा आधारित छ । 'जय भोली' निबन्धमा जम्मा १० अनुच्छेद रहेका छन् । ती सबैलाई २० ओटा छुट्टा छुट्टै तालिका बनाई सम्बन्दक र सम्बन्धनका प्रकारका आधारमा छुट्याइएको छ । यसमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै संरचनामा सम्बद्धक र सम्बद्धनलाइ छुट्याइएको छ। अठहत्तर वाक्य भएको 'जय भोलि' मा २३ फरक - फरक प्रकारका सम्बद्धनहरुको प्रयोग भएको निबन्ध सम्बद्धक प्रयोगका दृष्टिले उपयुक्त रहेको निष्कर्ष निकालिएको छ (घिमिरे, २०७४:७३) ।

उक्त शोधकार्य 'जय भोलि' निबन्धमा सम्बद्धक र सम्बद्धनको प्रयोग साथै यसको उपयुक्ततामा केन्द्रीत रहेको देखिन्छ भने मैले गर्ने शोधकार्य ' मसान' नाटकमा प्रयुक्त सम्बद्धक वा सम्बद्धनको प्रयोगमा केन्द्रित हुनेछ ।

घिमिरे (२०७४) त्रिवि शिक्षणशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षा विभाग अन्तर्गत 'सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषण शोधकार्य भएको छ । यो शोधकार्य ७० पेजमा आधारित छ साथै पाँच अध्याय समावेश भएका छन् । 'सपरिवार छोराले देश छोडेको रात' शीर्षकमा

भएको  सङ्कथन विश्लेषणमा समस्या कथनमा ‘सपरिवार छोराले देश छोडेको रात’ मनोवादको वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्कको पहिचान र विश्लेषण रहेको छ। उद्देश्यमा मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण र त्यसको उपयुक्तता रहेको छ।

यो शोधकार्यमा मूलतः पुस्तकालयीय कार्यको प्रयोग गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ। तथ्याङ्क सङ्कलन ,तथ्याङ्कको व्याख्या विश्लेषण, सामग्रीहरुको तुलना र मुल्याङ्कन उल्लिखित तालिका र स्तम्भ चित्रका माध्यमबाट गरिएको छ। प्रस्तुत सम्बद्धन र सम्बद्धक पत्ता लगाउन प्राथमिक स्रोतका रूपमा ‘सपरिवार छोराले देश छोडेको रात’ रहेको छ र द्वितियक स्रोतका रुपमा सम्बन्धित पूर्व शोधकार्यहरु,विविध पुस्तक र ग्रन्थ आदि रहेको छ। शोधकार्यको नमुना छनोटको लागि सम्पूर्ण मनोवाद लाइ लिइएको छ। तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया तालिकिकरणका आधारमा गरिएको छ। लेखक मदनराज बरालद्वारा लिखित उक्त मनोवादमा १९ ओटा निर्देशक तथा सूचक वाक्यहरू ८८ ओटा वाक्यहरूगरी जम्मा १०७ ओटा वाक्यहारु रहेका छन्।  यसमा कुनै न कुनै रूपमा भाषिक अन्वितिपूर्णता, निपात र संयोजकको बाहुल्या, दुई वाक्यका बीचमा एक भन्दा बढी सम्बन्धनको प्रयोग साथै मनोवाद सङ्कथनका दृष्ट्रिले उपयुक्त रहेको छ (घिमिरे २०७४)।

उक्त शोधकार्यमा ‘सपरिवार छोराले देश छोडेको रात’मनोवादको सङ्कथन विश्लेषण गरिएको छ भने मेरो शोधकार्यमा ‘मसान नाटकको’ सङ्कथन विश्लेषण गरिएको छ।

सापकोटा (२०७४) त्रिवि शिशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषाशिक्षा विभाग अन्तर्गत ‘कविताको परिशिष्ट’ निबन्धको  सङ्कथन विश्लेषण शोधकार्य भएको पाइन्छ। उक्त शोधको समस्या निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउनु र तिनको उपयुक्तता रहेको छ। उद्देश्यमा सम्बद्धक र सम्बद्धकको पहिचान र विश्लेषण गर्नु साथै सम्बद्धन र सम्बद्धकका दृष्टिले निबन्धको उपयुक्तता केलाउनु  रहेको छ।

यो शोध मुलतः पुस्तकालयीय कार्यमा केन्द्रित रहेको छ। यस ‘कविताको परिशिष्ट’ निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउन विभिन्न प्राथमिक स्रोतमा सम्बन्धित

पुस्तक र दितीयक स्रोतमाअप्रकाशित शोधपत्र तथा लेखरचना बाट सामग्री सङ्कलन गरिएको छ । यस शोधमानमुनाको रुपमा कविताको परिशिष्टको चार अनुच्छेद लाई लिएको छ । जसमा २१ वटा वाक्यहरू छन् । निबन्धमा रहेका ४ अनुच्छेदलाई ८ छुट्टाछुटै तालिका बनाई सम्बद्धक र सम्बद्धनका प्रकारका आधारमा छुट्याइएको छ । प्रस्तुत शोधपत्रमा शीर्ष शोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा आगमन विधिको प्रयोग भएको छ । यस शोधमा उर्ध्वगमन र अद्योगमन गरी मिश्रित पद्धति विश्लेषण गरिएको छ । निबन्धमा सम्बद्धकको प्रयोग, उपयुक्तता र पाठको उनाई एवम् बुनाइका दृष्टिले कविताको परिशिष्ट अत्यन्त सबल देखिन्छ (सापकोटा, २०७४:२९)।

उक्त शोधकार्य ‘कविताको परिशिष्ट’ निबन्धमा सम्बद्धक र सम्बद्धनको प्रयोग कस्तो र निबन्धमा सम्बद्धक र सम्बद्धनको के कस्तो उपयोगीता रहेको छ मा केन्द्रित रहेको छ भने मेरो शोधकार्य ‘मसान’ नाटकमा प्रयुक्त सम्बद्ध र सम्बद्धनको पहिचानमा केन्द्रित छ ।

उक्त शोध कार्यमा ‘अछूत जतिलाई टीका लगाउदा’ निबन्धको सङ्कथन विश्लेषण गरिएको छ भने मेरो शोधकार्य ‘मसान’ नाटकको सङ्कथन विश्लेषण रहेको छ।

भट्टराई (२०७६) त्रिवि शिक्षाशास्त्र अन्तर्गत जनता बहुमुखी क्याम्पस हटहरीको नेपाली भाषा शिक्षा विभाग अन्तर्गत ‘कोको’ कथाको सङ्कथन शोधकार्य भएको पाइन्छ। यो शोधकार्य ८५ पेजमा आधारित छ । ‘कोको’ कथा शीर्षकमा भएको उक्त शोधकार्यमा समस्या कोको कथामा प्रयुक्त सम्बद्धक र सम्बन्धनको प्रयोग र त्यसको उपयुक्तता रहेको छ । उद्देश्यमा सम्बद्धक र सम्बद्धनको पहिचान विश्लेषण र तिनको उपयुक्तता केलाउनु रहेको छ ।

यो शोधकार्यमा मूलतः पुस्तकालयीय कार्यमा नै केन्द्रित रहेको छ। यसको अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यस ‘कोको’ कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाउन प्राथमिक स्रोतका रुपमा विभिन्न विद्वान्हरुका लेखरचना, चन्द्रमणि अधिकारीको ‘कथा र कथाहरु’ कथा सङ्ग्रहमा रहेको कोको कथालाई मानिएको छ । द्वितीयक स्रोतका रुपमा सम्बन्धित बिभिन्न सहयोगी पुस्तक,सैद्धान्तिक लेख,साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरु तथा शोधपत्रहरुलाइ लिइएको छ । शोधकार्यको नमुना छनोटका लागि सम्पूर्ण कोको कथालाइ लिएको छ । प्रस्तुत शोध पत्रमा शीर्षशोधको तथ्याङ्क विश्लेषण र व्याख्या

प्रक्रिया गुणात्मक प्रकृतिको भएकाले पुस्कालयीय कार्य र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । कथाकार चन्द्रमणि अधिकारीद्वारा लिखित प्रस्तुत कथा सम्बद्धकर सम्बद्धनका दृष्टिले उपयुक्त छ (भट्टराई, २०७६:७९) ।

उक्त शोधकार्यमा 'कोको' कथाको सङ्कलन विश्लेषण गरिएको छ भने मेरो शोधकार्यमा 'मसान' नाटकको सङ्कथन विश्लेषण रहेको छ ।

## पूर्वकार्यको उपयोगीता

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्नविधादेवी भण्डारी(२०७३) द्वारा अछुत जातीलाइ टीका लगाउँदा निबन्धको सङ्कथनविश्लेषण, एकराज घिमिरे(२०७४)द्वारा 'जय भोलि' निबन्धको सङ्कथन विश्लेषण, विकास घिमिरे (२०७४)द्वारा सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विश्लेषण,मञ्जु सापकोटा(२०७४) द्वारा 'कविताको परिशिष्ट' निबन्धको सङ्कथन विश्लेषण,र अंशु भट्टराई (२०७६) द्वारा'कोको'कथाको सङ्कथन विश्लेषण लगायत अन्य सम्बन्धित शीर्षकमा गरिएका शोधलाइ र सङ्कथन विश्लेषणको सैद्धान्तिक पृष्ठभूमि भएका बिभिन्न पुस्तकलाई आधार मानेर यो शोधकार्य अघि बढाइएको छ । अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको देखिँदैन ।तसर्थ गोपाल प्रसाद रिमालको 'मसान' नाटकमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरु पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधमा गरिएको छ । माथिका पूर्वकार्यहरुले यस शोधपत्रहरुको प्रारुप, निर्माण,सामाग्री सङ्कलन र विश्लेषणका लागि आधार प्रदान गरेका छन् ।

## सैद्धान्तिक धारणात्मक संरचना

### सङ्कथनको परिचय

सङ्कथन सन्दर्भपरक भाषिक अभिव्यक्ति हो । यो कुनै खास विषयनिबद्ध सिङ्गो कथन वा भनाइसँग सम्बन्धित हुन्छ ।परम्परागत दृष्ट्रिमा वाक्यलाई भाषाको स्थूल एकाइ मानिए पनि आधुनिक दृष्टिमा सङ्कथनलाई जनाउन अङ्ग्रेजीमा 'डिस्कोर्स' शब्दको प्रयोग गरिएको पाइन्छ । डिस्कोर्स शब्द प्रयोगका सम्बन्धमा भाषावैज्ञानिकहरुबिच एकरुपता पाइँदैन ।कतिपयले यसलाई वाणीका रुपमा र कतिपयले वाणी र पाठ दुवै रुपमा उल्लेख

गरेका छन् । (भुषाल,२०७८:१)सङ्कथन विश्लेषणलाई वाक्यभन्दा माथिल्लो तहको अभिव्यक्तिका रुपमा चिनिन्छ ।

सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको मानिन्छ । सुरुमा सङ्कथनले सम्भाषण र अन्तर्वार्ताहरूलाई मात्र बुझाउँथ्यो, पछि विस्तारै लेख्य अभिव्यक्तिलाई पनि बुझाउन थाल्यो । हाल आएर कथ्य र लेख्य दुवै प्रकारका अभिव्यक्तिलाई सङ्कथन अन्तर्गत राखेर अध्ययन गरिएको पाइन्छ ।

यसरी सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ जसले वाक्यभन्दा माथिको भाषिक प्रयोग बिस्तारलाई बुझाउँछ । वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरू सङ्कथनका संरचक तत्वहरू हुन् ।सङ्कथनमा विभिन्न किसिमका उक्तिहरू रहेका हुन्छन्। ती उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको विशेष भूमिका रहन्छ । वाक्य वा वाक्यभन्दा माथिल्लो भाषिक एकाइहरूका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्वलाई सम्बद्धक भनिन्छ । यो वाक्यहरूका बीच शृङ्खला वा अन्विति जनाउन आउने एक किसिमको युक्ति हो । अभिव्यक्तिको वैचारिक सिलसिलालाई सम्बद्धन भनिन्छ । यसलाई अनुक्रममा आएका कथनहरू भन्न सकिन्छ । यसरी वाक्यभन्दा उपल्लो सम्बद्धक र सम्बद्धनयुक्त पूर्ण र सिङ्गो अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (न्यौपाने र अन्य, २०६७ : १४५) ।

**सङ्कथनका तत्वहरू**

सङ्कथनलाई पूर्ण बनाउने यसमा रहेका विभिन्न पक्षहरूलाई नै सङ्कथनका तत्व भनिन्छ । सङ्कथनलाई सिङ्गोरूप प्रदान गर्ने ससङ्कथनका तत्वहरूले विशेष भूमिका खेलेका हुन्छन् । सङ्कथनकातत्वहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

***प्रस्तोता***

सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति ने प्रस्तोता हो। प्रस्तोताले सङ्कथनमा विशेष भूमिका खेलेको हुन्छ । वक्तालाई कथ्य सङ्कथनको प्रस्तोता मानिन्छ भने लेखकलाई लेख्य सङ्कथनको प्रस्तोता मानिन्छ । प्रस्तोताले स्रोता वा पाठकका प्रतिक्रिया अनुसार आफ्नो अभिव्यक्तिलाई नयाँ रूपले प्रस्तुत गर्दछन् ।

*प्रापक/बोद्धा*

प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति बोद्धा वा प्रापक हो । यो सङ्कथनको अर्को महत्वपूर्ण तत्व हो । कथ्य सङ्कथनमाबोद्धा स्रोताका रूपमा रहन्छ भने लेख्य सङ्कथनमापाठकका रूपमा रहन्छ। कथ्य सङ्कथनमाप्रस्तोता र बोद्धा दोहोरो रूपमा रहन सक्दछन् । संवाद वा प्रश्नोत्तरको अवस्था सिर्जना भएमा वक्ता स्रोता बन्ने र स्रोता वक्ता बन्ने स्थिति रहन्छ ।

*माध्यम*

सङ्कथनको अभिव्यक्ति प्रस्तुत गर्ने तरिका माध्यम हो माध्यमबाट नै प्रस्तोता बोद्धा बीचमा सम्पर्क स्थापित गर्न सकिन्छ। लेख्य माध्यमबाट सम्प्रसारित गर्न सकिन्छ। विभिन्न सञ्चार माध्यम, चिठीपत्र लगायत संकेत चिह्न पनि सङ्कथनका माध्यमका रूपमा प्रयोग हुन्छन्।

*सूचना*

सङ्कथन कस्तो रहेको छ भन्ने कुरा सूचनाको स्वरूपमा निर्भर हुन्छ। यसले पाठमा विविधता देखापर्दछ । सङ्कथनमा कुराकानी, गफ, छलफल, वादविवाद, वर्णन, चिठी, विज्ञापन आदिमा एकै किसिमका विषयवस्तुलाई पनि फरक-फरक तरिकाले व्यक्त गर्न सकिन्छ । त्यस्तै दृष्टिविन्दुगत भिन्नता पनि सूचनाको स्वरूपमा आएको हुन्छ । यिनले वस्तुको सङ्कथनमासरलता जटिलता, सघनता-शिथिलताको समेत स्थिति देख्न सकिन्छ ।

*विषय*

सङ्कथनमाप्रयुक्त मूल कथ्य नै यसको विषय हो। विषय घटनाप्रधान वस्तुप्रधान या व्यक्तिप्रधान हुन सक्छन् । यसलाई सङ्कथनको अभिप्राय वा केन्द्रीय अभिव्यक्तिका रूपमा समेत उल्लेख गरिएको पाइन्छ। विषयले सङ्कथनको स्वरूपमा विविधता ल्याउने भएकाले यसलाई महत्वपूर्ण तत्वका रूपमा मानिन्छ ।

**कोड / भाषिक सङ्केत**

सङ्कथमा विभिन्न भाषिक चिह्न र सङ्केतहरू रहेका हुन्छन्। यिनैलाई कोड भनिन्छ । कोडको छनौटबाट पनि सङ्कथनमा विविधता आएको पाइन्छ। मानक र अमानक कोड, प्राविधिक र पारिभाषिक कोड आदि सङ्कथनमा प्रयुक्त भएका हुन्छन्।

### परिवेश

सङ्कथनकुन समय, काल, स्थानसँग सम्बन्धित छ त्यसले पनि अभिव्यक्ति प्रभावित भएको हुन्छ। परिवेश भौतिक र मानसिक दुवै हुन सक्छ । कुनै गाउँ शहरको परिवेश, प्राचीनकाल, मध्यकाल, आधुनिककाल आदि स्थान र समय जनाउने परिवेश हुन् । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदिपरिवेशले पनि अभिव्यक्तिलाई प्रभावित पार्दछ । अतः परिवेश पनि सङ्कथनको एक महत्वपूर्ण तत्वका रुपमा रहेको हुन्छ ।

## सङ्कथन विश्लेषणका पद्धतिहरू

कुनै पनि पाठको विश्लेषणका क्रममा पाठको विश्लेषण कहाँबाट आरम्भ गर्ने र कसरी विश्लेषण गर्ने भनी निश्चित पद्धति वा तरिका अवलम्बन गर्नु पर्दछ। सकथन विश्लेषणका क्रममा भाषिक र अर्थगत संरचनाहरूको खोजी गरी सङ्कथनमा प्रयुक्त घटनाको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ । सङ्कथन विश्लेषणका मुख्यत तीनवटा पद्धतिहरु विकसित भएका छन्। ती विकसित भएका सङ्कथन विश्लेषणका पद्धतिहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ऊर्ध्वगमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा वाक्य हुँदै पाठतर्फ जाने अध्ययन पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । अर्थात् साना भाषिक एकाइबाट क्रमशः माथितिर जाने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाइको पहिचान गरी विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला भाषिक एकाइको खोजी गरी अध्ययन र विश्लेषण गरिन्छ । पाठमा रहेका अर्थयुक्त पददेखि वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठको अध्ययन र विश्लेषण गरिन्छ । यसरी सानो भाषिक एकाइको विश्लेषण गर्दै ठूलो एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित हुने पद्धति नै ऊर्ध्वगमन पद्धति हो ।

**अधोगमन पद्धति**

सङ्कथन विश्लेषणका क्रममा माथिल्लो भाषिक संरचनाबाट क्रमशः तल्ला भाषिक एकाइतर्फ केन्द्रित रहने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यस पद्धतिमा सर्वप्रथम तल्ला भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः साना भाषिक एकाइतर्फ अध्ययन र विश्लेषण गरिन्छ । यसमा क्रमशः पाठ, परिच्छेद, अनुच्छेद, वाक्य हुँदै अध्ययन गरिन्छ ।

**अन्तक्रियात्मक/ मिश्रित पद्धति**

ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका कतिपय कमीकमजोरीका कारण पाठको विश्लेषणका क्रममा समस्या उत्पन्न भएपछि अन्तक्रियात्मक पद्धतिको विकास भएको हो । यो ऊर्ध्वगमन र अधोगमन पद्धतिको मिश्रित रूप भएकाले यसलाई मिश्रित पद्धति पनि भनिन्छ । यसमा ऊर्ध्वगमन र अधोगमनका आधारमा नभई आवश्यकताको सिद्धान्तका आधारमा पाठको विश्लेषण गरिन्छ । यस पद्धतिमा एकतहमा भएका कमीकमजोरीलाई अर्को तहमा पूरा गर्न सकिन्छ । यसले आवश्यकता अनुसार पाठको विश्लेषण जुनसुकै एकाइबाट गर्दछ । तलबाटमाथितिर वा माथिबाट तलतिर विश्लेषण गरिन्छ । यो पद्धति सङ्कथन विश्लेषणका अन्य पद्धतिभन्दा बढी उपयोगी रहेको देखिन्छ। यसरी प्रस्तुत अध्ययन ‘मसान’ नाटकको व्याख्या विश्लेषण गर्ने क्रममा पुस्तकालयीयस्रोतबाट सामग्रीहरू सकलन गरिएको छ। उक्त सामग्रीहरूको अध्ययन गरी सम्बद्धक रसम्बद्धनका आधारमा नाटक के कस्तो छ ? त्यसको निष्कर्षमा पुगिएको छ।

**सङ्कथनका युक्तिहरू**

सङ्कथनलाई बाह्य र आन्तरिक रूपमा व्यवस्थित, क्रमबद्ध अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्वहरू नै सङ्कथनका युक्तिहरू हुन्। पाठ निर्माणका लागि बाह्य भाषिक घटक सम्बद्धक हो। पाठ निर्माणका लागि आवश्यक पर्ने आन्तरिक भाषिक घटकलाई सम्बद्धन भनिन्छ। सङ्कथनका युक्तिहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

**सम्बद्धक**

सम्बद्धक भन्ने शब्दको अर्थ आपसमा जुटेर रहनु वा टाँसिएर रहनु हो (दुङ्गेल र अन्य २०७४ २५०) । यसलाई अर्को शब्दमा ससंक्ति पनि भनिन्छ । सम्बद्धकले वाक्यभित्र वा वाक्यका बीचमा शृखला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एकआपसमा जोड्ने सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने, कारण कार्य वा कार्य कारण शृङ्खलामा उन्ने काम गर्दछ । त्यसैगरी सम्बद्धकले भाषिक एकाइको पुनरावृतिलाई कम गरी सङ्कथनलाई व्यवस्थित बनाउँछ । यसलाई भाषिक जोर्नी वा जोडकका रूपमा समेत लिन सकिन्छ। यो एकप्रकारको भाषिक अन्वयक हो। वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ (अधिकारी, २०६७ २५२) । कुनै सङ्कथनभित्रको वाक्यहरूमा वा वाक्यांशहरू बीचको सम्बन्ध देखाउने रूपगत संयोजकलाई सम्बद्धक भनिन्छ (गौतम, २०६१:१३) । ह्यालिडियन सिद्धान्तको अवधारणा अनुसार सम्बद्धक बोली वा पाठको त्यस्तो सतही संरचनाहरूको विशिष्टताहरूसँग सम्बन्ध राख्दछ जसले वाक्यहरूका भिन्नाभिन्नै अङ्गहरू वा त्यसभन्दा ठूला एकाइहरूलाई सङ्कथनमा जोड्ने काम गर्दछ । यसलाई व्याकरणिक र कोशीय गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छः

*व्याकरणिक सम्बद्धक*

व्याकरणिक कार्यसँग सम्बन्ध राख्ने सङ्कलाई व्याकरणिक सम्बद्ध भनिन्छ । सङ्कथनमावाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने सम्बद्धक व्याकरणिक सम्बद्धक हुन् । निर्देशक कोटि, सर्वनाम, संयोजकजस्ता अशाब्दिक वा कोशीय अर्थ नभएका एकाहरूले व्याकरणात्मक प्रकार्य पूरा गरेका हुन् । त्यस्ता सम्बद्धकहरू खास सन्दर्भमा प्रयोग भई सन्दर्भगत अर्थ प्रदान गर्दछन् । त्यस्ता व्याकरणिक सम्बद्धहरू निम्नानुसार छन् :

*सार्वनामिक सम्बद्धक*

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वनामिक सम्बद्धक हुन् । सार्वनामिक सम्बद्धक सर्वनामसँग सम्बन्धित रहेका हुन्छन् । सार्वनामिक सम्बद्धकले नामको वा भाषिक घटकको अनावश्यक पुनरावृत्ति हुनबाट जोगाउँछ। यसको आफ्नो निजी अर्थ हुँदैन तर

वाक्यको प्रसङ्गअनुसार यिनीहरुअपूर्ण भएर आएका हुन्छन् । यस्ता सम्बद्धक पाठमा वाक्यान्तरित र अन्तर्वाक्यीय दुवै रूपमा आउन सक्छन् ।

सार्वनामिक सम्बद्धक कहिले अग्रसन्दर्भक र कहिले पश्चसन्दर्भकका रूपमा पाठमा प्रयुक्त हुन्छ । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पाठको पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएको छ भने त्यहाँ अग्रसन्दर्भक हुन्छ । पहिला सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्चसन्दर्भक हुन्छ । सार्वनामिक सन्दर्भकहरू सर्वनामका विभिन्न प्रकारसँगै पुरुषवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, अनिश्चयवाचक, पारस्परिक जस्ता विभिन्न रूप पाइन्छन् ।

*स्थानिक सम्बद्धक*

सङ्कथनमा प्रयुक्त स्थान र परिवेशलाई बुझाउने सम्बद्धक नै स्थानिक सम्बद्धक हो । यसले कहाँ र कता हो भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । स्थान र परिवेश बुझाउने यहाँ, त्यहाँ, यता, उता, तल, माथि, अगाडि, पछाडि, भित्र, बाहिर, घरमा, क्याम्पसमा, धरानमा, देशमा, विदेशमा, जङ्गलमा आदि स्थानिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकले पाठलाई परस्परमा जोडेका हुन्छन्

*कालिक सम्बद्धक*

सङ्कथनमा कुनै घटना वा व्यापारका कार्यको सम बुझाउन प्रयोग भएका सम्बद्धक नै कालिक सम्बद्धक हुन् । यो समयसँग सम्बन्धित हुन्छ। यसमा नामयोगी र क्रियायोगी आउने गर्दछन् । हिजो, आज, भोलि, भरे, पोहोर, आंत, परार, साँझ बिहान, बेलुका, अपराहन २०७९, २००७, पहिले आदि कालिक सम्बद्धक हुन्। त्यसैगरी नजिक, भित्र, विर, अधि, पछि, भर तक, सम्म, उता, बीच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै सम्बद्धकका रूपमा प्रयोग हुन्छन्।

*संयोजन*

दुई वा सोभन्दा बढी शब्द, पद, पदावली, उपवाक्य वा वाक्यमा जोड्ने भाषिक जोर्नीलाई संयोजन भनिन्छ ।यसले भाषिक एकाइलाई परस्परमा जोड्ने काम गर्दछ । संयोजनलाई कालवाचकता, स्थानकाव्यात विकल्पवात विरोधसूचकता परिणामवाचकता, समानाधीकरणसूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बन्धवाचकता आदिमा वर्गीकरण गरिएको पाइन्छ। नेपालीभाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका र अनि, वा, एवम्, अर्थात्, पनि, तापनि, किनभने, यसकारण जस्ता सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् ।

*प्रतिस्थापन*

पाठमा अघिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरू नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन एउटै भाषिक एकाइको पटकपटक हुने अवृत्तिबाट जोगाउन, लामा लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग पुयाउँछ। प्रतिस्थापन अन्तर्गत नामिक प्रतिस्थापन क्रियाको प्रतिस्थापन र उपवाक्यको प्रतिस्थापन रहेका पाइन्छन् । यसले लामा र जटिल पदावलीलाई सरल पदले प्रतिस्थापन गर्न सहयोग पुयाउँछ । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रूपमा कार्य गरेको पाइन्छ ।

*लोप*

पुनरुक्त हुने पद पदावली र वाक्य आदिलाई हटाउने प्रक्रिया लोप हो । पाठमा अभिव्यक्तकर्ताले अघिल्लो वाक्यमा प्रयोग भएका कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ प्रसङ्गबाट खुल्न गएमा त्यहाँलोपको स्थिति हुन्छ । लोपले पनि अभिव्यक्तिलाई सुगठित गराउन सहयोग पुयाएको हुन्छ । कुनै स्थितिमा लेखक र पाठक अथवा प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा लोपको स्थिति देखा पर्दछ । पाठभित्र नामिक पदको लोप, क्रियाको तोप, उपवाक्यको लोप, संयोजकको लोप आदि हुनसक्छन्। यी लोप पनि पूर्ण र आंशिक रूपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन

गएमा त्यहाँ पूर्ण लोप भने अघिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएमा आंशिक लोप हुन्छ ।

***कोशीय सम्बद्धक***

कोशीय सम्बद्धकलाई शाब्दिक सम्बद्धक पनि भनिन्छ। कोशीय शब्द भन्नाले खासगरी नाम, विशेषण र क्रियालाई चिनिन्छ। अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यिनको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्तवर्गका शब्द अन्तर्गत पर्दछन् । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रूपले आपसमा मिलाएर राख्नाले कोशीय सम्बद्धकको सिर्जना हुन्छ । कोशीय सम्बद्धक निम्नलिखित रहेका छन् :

*पुनरावृति*

कुनै खास कुरामा जोड दिन पदहरू वा ढाँचाहरूको पटक-पटक हुने एक किसिमको प्रयोग पुनरावृत्ति हो । सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ। अघिल्लो प्रसङ्ग र पछिल्लो प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुयाउँछ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिगोवाक्यको समेत पुनरावृत्ति अन्तंवाक्यीय र वाक्यान्तरिक दुवै रूपमा देखापर्दछ ।

*पर्यायवाची*

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । यसले सान्दर्भिक अर्थलाई प्रभावकारी बनाउँछ ।सङ्कथन मा यिनले बिचारको शृङ्खला निर्माणमा सहयोग पुऱ्याउँछन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएको पूर्ण पर्याय र आंशिक किसिमका अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । सङ्कथनलाई शृङ्खलित अर्थपूर्ण र अन्वितिपूर्ण बनाउन यस्ता शब्दले सहयोग पुयाउँछन् ।

*विपरीतार्थी*

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भएको हुन्छ। शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । सङ्कथनमा यस्तो शब्दको प्रयोग कतिपय स्थानमा उपयुक्त तथा प्रभावकारी रहन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि तीन किसिमका हुन्छन् यस्ता शब्दले सङ्कथनमा परम्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्छन् ।

*समावेशात्मकता*

कुनै भाषिक रुपको अर्थ अर्को भाषिक रूपमा समावेश गरिन्छ भने त्यसलाई समावेशत्मकता भनिन्छ । धेरैवटा पद या पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता अन्तर्गत समावेशक र समावेशित गरी दुईवटा शब्द प्रचलनमा रहेको पाइन्छ । समावेशात्मकताले धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने एउटै साझा गुणसँग समावेश हुनसक्ने पदलाई समावेशित भनिन्छ। केटो, सुडी, लोग्ने, राम आदि एउटै मान्छे शब्दभित्र समावेश हुन्छन् । यसले पनि सङ्कथनमा जोडकको भूमिका निर्वाह गर्ने भएकालाई यसलाई सम्बद्धक मानिन्छ ।

*सन्निधान*

कुनै पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद पदावली वा वाक्यसँग मात्र आउन सक्छन् भने तिनलाई सन्निधान भनिन्छ। कुनै एउटा खास शब्दको अर्थअर्को कुनै खास शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द अर्को कुनै शब्दसंग प्रयुक्त हुँदा नमिल्ने स्थितिलाई सन्निधान भनिन्छ। जस्तै स्वास्नीमान्छे र पत्नी मान्छे। त्यसैले सन्निधानले दुई शब्दलाई जोड्ने हुनाले सङ्कथनमा सम्बद्धकको भूमिका निर्वाह गरेको छ।

**सम्बद्धन**

वाक्यमा प्रयुक्त एउटा विचारलाई अर्को विचारले सङ्केत र निर्देश गरेको हुनु, विचारको सिलसिला मिल्नु वा विषयवस्तुको क्रमबद्धता रहनु नै सम्बद्धन हो । यसलाई कतै-कतै संयुक्ति समेत भनिएको पाइन्छ । सम्बद्धक सतही तहमा संयोजन गर्ने कार्यसँग सम्बन्धित रहेको हुन्छ भने सम्बद्धनले विषयवस्तुको भित्री तहमा संयोजन गर्ने कार्य गर्दछ । पाठमा रहेका भाषिक एकाइहरूका बीचको आर्थी सम्बन्धलाई नै सम्बद्धन मानिन्छ ।

सङ्कथनमा अन्तर्निहित विचार, भाव वा विषयवस्तुलाई आपसमा शृङ्खलित र अन्वितिपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्व नैसम्बद्धन हो । सम्बद्धनले सदकथनलाई अर्थको विशुद्धता, भिन्नता र प्रसङ्गहीनताबाट जोगाउँछ । यसरी सम्बद्धनले सङ्कथनमा विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । सङ्कथन हुनका लागि सम्बद्धक भए पनि हुन्छ वा नभए पनि हुन्छ। पाठ अर्थपूर्ण हुन सम्बद्धक नभए पनि हुन्छ तर सम्बद्धन भएन भने त्यो पाठ निरर्थक हुन्छ। सम्बद्धनले सङ्कथन अभिव्यक्तिको अर्धगत वा वैचारिक सिलसिलालाई जोडी पाठमा प्रयुक्त वैचारिक निरन्तरतालाई जनाउँदछ । यसरी सम्बद्धनले सङ्कथनमा रहेका विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ। यस्ता अर्थ सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएको अवस्थालाई सामान्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी दुईबीचको सम्बन्धलाई विशिष्ट सामान्य सम्बन्ध भनिन्छ ।

**कार्यकारण / कारणकार्य सम्बन्ध**

सङ्कथनमाप्रयुक्त अघिल्लो वाक्य कार्यस्वरूप र पछिल्लो वाक्य कारणस्वरूप आएमा यी वाक्यका बीचको सम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ । त्यस्तै सङ्कथनमाप्रयुक्त वाक्यमध्ये अपिल्लो वाक्य कारणका स्वरूपमा र पछिल्लो वाक्य कार्यका स्वरूपमा आएमा बी वाक्यका बीचको सम्बन्धलाई कारणकार्य सम्बन्ध भनिन्छ ।

**प्रभाव र प्रतिफलको सम्बन्ध**

सङ्कथनमाप्रयुक्त भएको अघिल्लो भाषिक अभिव्यक्तिका प्रभावमा परेर त्यसको प्रतिफल स्वरूप पछिल्लो अभिव्यक्ति आएमा त्यसमा प्रभाव र प्रतिफलको सम्बन्ध भएको मानिन्छ ।

**तुलनात्मक सम्बन्ध**

सङ्कथनमाप्रयुक्त वाक्यमा कुनै वस्तुको समानता, असमानता, उपयोगिता र अनुपयोगिता आदिकोचर्चा गरिएको भए ती वाक्यका बीचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध मानिन्छ ।

**अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमा कुनै सम्बन्ध नरहेको जस्तो लागे पनि कुनै न कुनै रुपमा वा परोक्ष रुपमा ती वाक्यहरुका बीचमा सम्बन्धित हुँदै सहयोगात्मक भूमिका निवार्ह गर्दछन् भने ती वाक्यका बीचको सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध मानिन्छ ।

**आर्थी पर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीचमा संरचनात्मक समानता नरहे पनि अर्थगत एकरूपता भएमा ती वाक्यका बीचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध मानिन्छ ।

**आर्थी विपर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीच परस्पर रूपमा विपरीत अर्थ रहेमा ती वाक्यका बीचकोसम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध मानिन्छ ।

**स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यमध्ये अघिल्लो वाक्यका विषयको स्पष्टीकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बीचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ ।

**परिवेश र घटनाको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा परिवेश र पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएका ती वाक्यका बीचको सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध मानिन्छ ।

**घटना र परिवेशको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा घटना र पछिल्लो वाक्यमा घटित घटनाको परिवेश प्रस्तुत भएमा ती वाक्यका बीचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध मानिन्छ ।

**प्रयोजनको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यस्तो हुनुको कारण वा प्रयोजन बताएमा यी वाक्यका बीचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध मानिन्छ ।

**अनुमानको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बीचको सम्बन्धलाई अनुमानको सम्बन्ध मानिन्छ ।

**परिचयात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्ला वाक्यमा कुनै कुराको परिचय र पछिल्ला वाक्यमा त्यसका विशेषता वर्णन गरिएमा ती वाक्यका बीचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध मानिन्छ ।

**समुच्चयबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये कुनै दुई वाक्य समानान्तर अस्तित्व वा हैसियतमा रहने र प्रयुक्त विषयको अर्थ दुवैले स्पष्ट पार्न सहयोग गर्ने वाक्यबीचको सम्बन्धलाई समुच्चयबोधक सम्बन्ध मानिन्छ।

**निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लोको अर्थ पछिल्लो वाक्यमा र पछिल्लोको अर्थ अघिल्लोमा समावेश भएमा ती वाक्यबीचको सम्बन्धलाई निहितार्थ सम्बन्ध मानिन्छ ।

**पुनरुक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये कुनै एउटा वाक्यका घटक अर्को वाक्यमा दोहोरिएर अर्थ स्पष्ट पार्न सहयोग पुयाएमा यी वाक्यका बीचको सम्बन्धलाई पुनरुक्ति सम्बन्ध मानिन्छ ।

**रीतिबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कार्य वा घटकको शैली बुझाउन प्रयोग हुने भाषिक घकटकबीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध मानिन्छ । यसमा साहित्यक आलङ्कारिक किसिमको र कतिपय ठाउँमा अनुकरणात्मक एवम् टुक्काको समेत प्रयोग भएको पाइन्छ ।

**शीघ्रताबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बीचमा घटना वा कार्य तत्काल भएको सूचना प्राप्त भएमा ती वाक्यका बीचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध मानिन्छ ।

**स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो घटनासँग सम्बन्धित भएर वर्तमानको सम्बन्ध र पछिल्लोमा विगतको सन्दर्भ भएमा ती वाक्यहरूवीचको सम्बन्धलाई स्मरणको सम्बन्ध मानिन्छ ।

**अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बीचमा कुनै घटना वा कार्यको तार्किक अनुक्रम देखाइएको छ भने ती वाक्यहरूका बीचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध मानिन्छ ।

**प्रश्नोत्तर**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अपिल्ला र पछिल्ला वाक्यहरूका बीचमा प्रश्न र उत्तरको क्रम र सिलसिला रहेमा ती वाक्यहरूका बीचमा रहेको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

**प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरूमध्ये अघिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रूपमा आएका छन् भने ती वाक्यहरूका बीचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्धमा मानिन्छ ।

### आज्ञार्थ सम्बन्ध

सङ्कथनमा प्रयुक्तहरूमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले आज्ञा वा अनुरोध बुझाउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध मानिन्छ ।

**धारणात्मक संरचना**

यस अध्ययनको धारणात्मक संरचना निम्नानुसार छ :



# अध्याय-तीन

## अध्ययनका विधि र प्रक्रिया

### अध्ययनको संरचना

प्रस्तुत शोधमा'मसान' नाटकको सङ्कथन विश्लेषण गरिएको छ।सङ्कथन विश्लेषणका युक्तिहरु सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ। प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय स्रोतलाइ प्रमुख रुपमा उपयोग गरिएको छ। प्रस्तुत शोध गुणात्मक भएकाले यसको व्याख्या विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ। प्रस्तुत शोधमा प्राथमिक स्रोतका रुपमा नाटककार गोपाल प्रसाद रिमालमको 'मसान' नाटक रहेको छ।यसैगरी यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका पुस्तक,पत्रपत्रिका तथा सम्बन्धित शीर्षकमा अग्रजहरुद्वारा तयार पारिएका शोधहरुको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### जनसङ्ख्या र नमुना छनोट

जनसङ्ख्या नमुना छनोटका लागि नाटककार गोपाल प्रसाद रिमालको मसान शीर्षकमा रहेको नाटकको अघिल्लो आधा भागको दृश्य १ मा रहेका कुल १७७ वाक्यहरुका बिचमा रहेको सम्बद्धक र सम्बद्धन पत्ता लगाइ तिनीहरुको विश्लेषण पनि गरिएको छ।

### तथ्याङ्कका साधन वा उपकरण

प्रस्तुत अध्ययनमा नमुनाका रुपमा लिएका संवादहरुलाई परिशिष्टमा उल्लेख गरिएको छ।

### तथ्याङ्कको स्रोत

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतको रुपमा मसान नाटकको (दृष्य १) भागलाई लिइएको छ भने द्वितियक स्रोतका रुपमा सङ्कथन सम्बन्धि सैद्यान्तिक परिभाषा भएका पुस्तक र अप्रकाशित शोधहरुलाई लिइएको छ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

प्रस्तुत शोधमा तथ्याङ्क सङ्कलनका लागि पूर्णतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

**तथ्याङ्क परीक्षण**

प्रस्तुत शोधमा उल्लिखित तथ्याङ्कलाइ प्रामणिकता दिनका लागि विषय विशेषज्ञद्वारा परीक्षण गराइएको छ।

**तथ्याङ्कको व्याख्या/विश्लेषण**

प्रस्तुत शोधमा भएका तथ्याङ्कहरुलाइ सङ्कथनका युक्ति सँग जोडेर तालिकीकरण गरी उक्त तालिकालाई अनुच्छेदमा व्याख्या गरिएको छ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## परिचय

*मसान* नाटक नाटकार गोपाल प्रसाद रिमालद्वारा लिखित एक उत्कृट नाटक हो । यो अध्ययन यसै नाटकमा प्रयुक्त भएका सम्बद्धक र सम्बद्धनमा आधारित भएर सङ्कथन विश्लेषण गरिएको छ ।

## मसान नाटकका वाक्यहरुका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित नाटकका वाक्यहरुका बीचमा रहेका सम्बद्धकहरुको विश्लेषणका लागि नाटकलाई प्रत्येक पृष्ठका आधारमा छुट्याइएको छ । हरेक पृष्ठमा भएका वाक्यका बीचमा बाह्य सम्बन्ध दर्शाउन आउने सम्बद्धकहरुको खोजी गरी तालिकामा प्रस्तुत गरिनुका साथै ती सम्बद्धकहरुको विश्लेषण पनि गरिएको छ ।

## निर्धारित नाटकको पहिलो पृष्ठमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित नाटकको पहिलो पृष्ठमा अघिल्लो आधा भागको दृष्य १ देखाइएको छ, जहाँ १२ ओटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल गरिएको छ :

१.कृष्णको सुत्ने कोठा ।

२.**पलङमुनि**को लम्पटमा बसेर **ऊ** डेस्कमा चिठी लेख्न लागेको छ ।

३.**बायाँपट्टि ४-५ वर्षको** बालक भोटु बच्कना दोलाईमा **गुटुमुटु** भएर कुहिना टेकाएर ध्यानपूर्वक **एउटा** ठुलो किताबको तस्बिर हेरिरहेछ ।

४. कृष्ण चिठी लेख्न सिद्धयाएर **खाममा** हाल्दछ, ठेगाना लेख्दछ, **ठेगानामाथि** सोस्ता जोरले लगाउँछ **र** फुर्सतको सास फेरेरहँसिलो मुखले-

५.कृष्ण- (मीठो लयले) भोटु !

६.भोटु- (**किच्च** हाँस्दछ ।)

७.कृष्ण-**मदर** माने **के रे**?

८.भोटु- (छिटो) आमा ।

९.कृष्ण-स्याबास । **अनि-**

१०. भोटु-**यो** किताब **कैल्हे** पढ्ने ?

११.कृष्ण- **भोलिपर्सि** ।**अनि, अनि** आमा **खैत** ?

१२.भोटु-(सम्झन खोजेर यताउति हेर्दै) **आमा** ! आमा । (एउटी पच्चीसेककी बलिई बागी युवतिको सप्को हाल्दै प्रवेश । उसको उज्यालो अनुहारमा जिउँदा आँखा र सङ्कल्प छन् ।)(युवतिलाई देखेर) **उ** आमा ।

तालिका १

*निर्धारित नाटकको पहिलो पृष्ठमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १ र २ | - | - |
| २ र ३ | स्थानिक | पलङमुनि |
| | सार्वनामिक | ए |
| ३ र ४ | स्थानिक | बायाँपट्टि |
| ४ र ५ | स्थानिक | ठेगानामाथि |
| | संयोजक | र |
| ५ र ६ | - | - |
| ६ र ७ | - | - |
| ७ र ८ | पर्यायवाची | मदर |

| | | |
|---|---|---|
| | प्रश्नवाचक | के |
| | निपात | रे |
| ८ र ९ | | |
| ९ र १० | संयोजक | अनि |
| १० र ११ | सार्वनामिक | यो |
| | कालीक | कैल्हे |
| ११ र १२ | कालीक | भोलीपर्सी |
| | संयोजक | अनि |
| | निपात | खै |
| | निपात | त |
| १२ र १३ | पुनरावृत्ति | आमा |
| | सार्वनामिक | ए |

तलिका १मा उल्लेख भएअनुसार वाक्य सङ्ख्या १ र २ मा एकपटकसम्बद्धकको प्रयोग भएको छैन। वा.सं. २ र ३ मा एकपटक स्थानिक सम्बद्धक र एकपटक 'ऊ सर्वनामिकको प्रयोग भएको छ जसले गर्दा वाक्य अर्थपूर्ण बन्न पुगेको छ । त्यसैगरी वा.सं. ३ र ४ मा स्थानिकको एकपटक प्रयोग भएको देखिन्छ जसले गर्दा नाटक अन्वितिपूर्ण रहेको देखिन्छ । वा.सं. ४ र ५ मा स्थानिक एमक्पटक रसंयोजक को एकटपक प्रयोग भएको छ ।वा.सं. ५ र ६ मा कुनैपनि सम्बद्धक नरहेको अवस्था छ।वा.सं. ६ र ७ मा अनुकरणात्मक सम्बद्धकको प्रयोगले संवादको अर्थ पूर्ण गरेको छ । वा.सं. ७ र ८ मा पर्यायवाची का रूपमा 'मदर' को प्रयोग भएको छ साथै प्रश्नवाचक र निपातको पनि एक-एक पटक प्रयोग भएकोछ ।वा.सं. ८ र ९ मा सम्बद्धकको प्रयोग भएको देखिदैन यहाँ लोप भएको छ। वा.सं. ९ र १० मा संयोजकले नाटकलाइ जोडेको देखिन्छ। त्यसैगरी वा.सं. १० र ११ मा सार्वनामिक र कालीक एक-एक पटक प्रयोग भएको छ । वा.सं. ११ र १२ मा एकपटक संयोजक एकपटक कालीक र दुइपटक निपातको प्रयोग भएको छ जसले गर्दा वाक्य मिठासपूर्ण भएको देखिन्छ । वा.स.१२ र १३ मा 'आमा' शब्दको पुनरावृत्ति भएको छ र उसार्वनामिक आएको छ ।

यसरी पहिला पृष्ठमा स्थानिक, कालिक, सार्वनामिक, पुनरावृत्ति, अनुकरणात्मक र संयोजक सम्बद्धकहरुको प्रयोग भएको छ। यहाँ सार्वनामिक, र स्थानिक सम्बद्धकको बढी प्रयोग भएको छ ।

**निर्धारित नाटकको दोस्रो पृष्ठमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

१३.कृष्ण- (ठट्टामा) भोटु, **आमा** हैन हेलेन ।

१४.भोटु-**हेलेन** हैन आमा ।

१५.**हगि** आमा ?

१६.युवति- (कुराको वास्तै नगरेर टाढैबाट) बिहे पक्का भो ।

१७.भोटु- (उसको कुरोको जवाफ नपाएर अलि चर्को स्वरले) **हेलेन** हैन **आमा** ।

(युवति बालकलाई चोर औंलाले चूप भनेर कृष्णको आँखामाहेर्दछे ।)

१८.कृष्ण-भोटुको दूध **खैत** ?

१९.युवति- (नोकर्नीसित) भोटुलाई **हजुरवज्यैकहाँ** दूध ख्वाउन लैजा । (भोट) जान अनकनाएको जस्तो गरेर मुख बिगार्दछ ।)

२०. लैजा भन्या । (नोकर्नी अनकनाएको भोटलाई बोकेर लैजान्छे । युवति फेरि कृष्णको आँखामा हेर्न थाल्दछे ।)

२१.कृष्ण- **के**?

२२.युवति-(गर्वले) बिहे पक्का भो ।

२३.कृष्ण- **कसको**?

२४.युवति- बज्यै **पनि** राजी हुनुभो ।

तालिका १०अनुसार वा.सं.१३ र १४मा अघिल्लो वाक्यलाई प्रष्ट पार्नको लागि स्पष्टोक्ति प्रयोग रहेको छ। वा.सं.१४ र १५ पनि स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१५ र १६ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१६ र १७ मा अप्रत्यक्ष सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१७ र १८ मा स्पष्टोक्ति सम्बन्धको प्रयोग भएको छ ।वा.सं.१८ र १९मा प्रश्नार्थक सम्बन्ध स्थापित भएको छ। वा.सं.१९ र २० मा आज्ञार्थक सम्बन्ध स्थापित भएको छ। वा.सं.२० र २१ मा पुनरुक्ति सम्बन्धको प्रयोग भएको छ ।वा.सं.२१ र २२ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.२२ र २३ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.२३ र २४मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ। वा.सं.२४ र २५ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.२५,२६ र २६,२७ मा अनुक्रमबोध सम्बन्ध प्रयोग भएको छ। वा.सं. २७ र २८ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ। वा.सं. २८ र २९ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.२९ र ३० मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ। वा.सं. ३० र ३१ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ३१ र ३२ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.३२ र ३३ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ३३ र ३४ मा प्रभाव र प्रतिफलको सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ३४ र ३५ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ३५ र ३६ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ३६ र ३७ मा अनुक्रमबोध सम्बन्ध प्रयोग भएको छ।

यहाँ प्रश्नार्थक र स्पष्टोक्तिको बढी प्रयोग भएको पाइन्छ । अनुक्रमबोध, अप्रत्यक्ष, आज्ञार्थक, पुनरुक्ति र प्रभाव र प्रतिफलको सम्बन्ध पनि प्रयोग भएको पाइन्छ ।

**निर्धारित नाटकको तेस्रो पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

३९.**अहिले त** भ्याम्म ठूलो रूख **नै** भैसक्यो ।

४०.**अचेल त्यसको** शीतल छायामा बसेर **मलाई** गुनिरहन, सपना देखिरहन **मात्रै**कमन लाग्छ ।

४१.**मलाई एउटा** छोरो चाहिन्छ ।

४२.कृष्ण-**उ** भोटु छैन ? (भोट त बरु छैन, ज्या ! तर उ बसेको ठाउँलाई लिएरै)

४३.**कस्तो त्यो तिम्रो** छोरो **जस्तै** भैसक्यो ।

४४.**उसको अगाडि तिमीलाई अरू** थोक नभनेर आमा **नै** भन्नुपर्ने भैसक्यो ।

४५.**कस्तो** रूखो साह्रो फ्याकिएको ढुङ्गो **जस्तो** थियो ।

४६.**तिम्रो आमाको जस्तो** स्याहार पाएर, **तिम्रो** पोसिलो माया पिएर **त्यो यी यस्तो** चञ्चल, हँसिलो **र काखमा** लिइरहूँ **जस्तो** भैसक्यो ।

४७.**तिमीले उसलाई आफ्नो** छोरो नसम्झे **पनि उसले त संसारमा अरू सबैलाई** जन्म दिने आमालाई समेत विर्सेर **तिमीलाई** साक्खै **आफ्नैआमा** सम्झिसक्यो।

४८.**भोटुतिरबाट** मन **त्यसरी** नचुंड ।

४९.भोटुलाई **त्यसै** नबिर्स ।

५०.युवति- बिर्सेको छैन। (कठोर भएर)

५१.**त्यसमा तपाईंको** अंश छैन ।

५२.कृष्ण- (युवतिलाई एकछिन क्वारक्वारती हेरेपछि) **हिजो अस्तिसम्मको** भोटुमाथिको **तिम्रो** माया सम्भ्रेर **मलाई तिमीले** भोटुलाई **त्यसो** भन्यौ **जस्तो** लागेको थिएन ।

५३.युवति- हो ।

५४.कृष्ण-**अनि**?

५५.युवति-**यो** गर्दा हुने माया भो ।

५६.**मलाई त** नगरी नसकिने माया चाहिएको छ ।

५७.**केही दिन** पालेको खसी **पनि** मायालाग्दो हुन्छ ।

५८.**त्यसलाई** काट्दा कसो कसो **मनमा** उस्का पसिहाल्छ ।

५९. भोटुको **त** कुरै भएन ।

६०.**मलाई त यस्तो** माया चाहिरहेछ **जसले मलाई** सुकाओस्, जलाओस्, रित्त्याओस् ।

६१.**हरबखत** मायालु वस्तु सम्भ्रियोस्, **आफूलाई** बिर्सियोस् ।

६२.**आफ्नो जीवन** दिएर **त्यो** लिन परोस् ।

६३.**त्यो** पूरा हुँदा बरु **म** सकियूँ ।

६४.**मलाई** छोरो चाहिएको छ ।

६५.कृष्ण-**त्यस्तो** कुरा गर्छौ भने **त** कुरा बेग्लै हो ।

६६.**तर मैले अर्को** बिहेगरेर छोरो जन्म्यो भने **पनि त त्यो तिम्रो** छोरो हुँदैन **क्यारे** ।

तलिका ११

*निर्धारित नाटकको तेस्रो पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| ३९ र ४० | पुनरुक्तिको सम्बन्ध |
| ४० र ४१ | अनुक्रमबोधको सम्बन्ध |
| ४१ र ४२ | स्पष्टोक्तिको सम्बन्ध |
| ४२ र ४३ | स्पष्टोक्ति सम्बन्ध |
| ४३ र ४४ | परिचयात्मक सम्बन्ध |
| ४४ र ४५ | अनुक्रमबोधको सम्बन्ध |
| ४५ र ४६ | पुनरुक्तिको सम्बन्ध |
| ४६ र ४७ | अनुक्रमबोधक सम्बन्ध |
| ४७ र ४८ | अनुक्रमबोधक सम्बन्ध |
| ४८ र ४९ | अनुक्रमबोधक सम्बन्ध |
| ४९ र ५० | पुनरुक्तिको सम्बन्ध |
| ५० र ५१ | स्पष्टोक्ति सम्बन्ध |
| ५१ र ५२ | अनुक्रमबोधक सम्बन्ध |
| ५२ र ५३ | अनुक्रमबोधक सम्बन्ध |
| ५३ र ५४ | स्पष्टोक्ति सम्बन्ध |
| ५४ र ५५ | प्रश्नार्थक सम्बन्ध |
| ५५ र ५६ | स्पष्टोक्ति सम्बन्ध |
| ५६ र ५७ | अनुक्रमबोधक सम्बन्ध |
| ५७ र ५८ | अनुक्रमबोधक सम्बन्ध |
| ५८ र ५९ | परिचयात्मक सम्बन्ध |
| ५९ र ६० | अनुक्रमबोधक सम्बन्ध |
| ६० र ६१ | परिचयात्मक सम्बन्ध |
| ६१ र ६२ | स्पष्टोक्ति सम्बन्ध |
| ६२ र ६३ | अनुक्रमबोधक सम्बन्ध |
| ६३ र ६४ | अनुक्रमबोधक सम्बन्ध |

| | |
|---|---|
| ६४ र ६५ | अनुक्रमबोधक सम्बन्ध |
| ६५ र ६६ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ६६ र ६७ | परिचयात्मक सम्बन्ध |

तालिका ११अनुसार वा.सं.३९ र ४० मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ । वा.सं.४० र ४१ मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४१,४२ र ४२,४३ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४३ र ४४ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४४ र ४५ मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४५ र ४६ मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४६,४७,४८,४९ मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.४९ र ५० मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५० र ५१मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५१,५२,५३ मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५३ र ५४ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५४ र ५५ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५५ र ५६ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ५६,५७,५८ मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५८ र ५९ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.५९ र ६० मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.६० र ६१ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.६१ र ६२ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ । वा.सं.६२,६३,६४,६५मा अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ ।वा.सं.६५ र ६६ मा प्रभाव र प्रतिफलको सम्बन्ध प्रयोग भएको छ । वा.सं.६६ र ६७ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ ।

यस पृष्ठमा सबैभन्दा बढी अनुक्रमबोधको सम्बन्ध प्रयोग भएको छ । साथै प्रभाव प्रतिफल,परिचयात्मक,स्पष्टोक्ति,प्रश्नार्थक जस्ता सम्बन्धको प्रयोग भएको छ ।

**निर्धारित नाटकको चौँथो पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

६७.युवति - हुन्न हो ।

६८.बाँझी भएपछि **आफ्नै छातीमाथि** नाच्ने हरियाली **त म कहाँ** पाऊँ **र मेरो** छोरो होस्।

६९.**त्यसमा तपाईंको** अंश हुन्छ ।

७०.**त्यत्तिले नै मेरो** छाती भरी हुन्छ । .**अनि** भोटुभन्दा**त्यो धेरै नजीक पनि** हुन्छ ।

७१. कृष्ण- **नजीक पनि** हुन्छ, **अनि** सौताको छोरो **पनि** हुन्छ ।

७२.युवति -**के रे**? (दुवै एकैछिन मुखामुख गर्दछन्, कृष्ण अड्न सक्तैन ।)

७३.तपाईंले मलाई त्यस्तो भन्न सुहायो ?

७४.**कस्तोपराई** देख्न खोजेको हो **मलाई**?

७५.**तपाईंको** छोरो **तपाईंको** अंश पाएपछि, हेर्नुहोला **कसरी मेरो** माया **त्यस्ता** सौतेनी **पर्खालसर्खाल** नाघेर **पारि** पुग्दछ ।

७६.**कसरी मेरो** मायाको वेगले **त्यस्ता** सानातिना बांध बगाएर लैजादो रहेछ ।

७७.**तपाईं एउटा** सन्तान पाएर **मेरो** काखमा **मात्र** हालिदिनोस् ।

७८.व्यर्थमा नचाहिंदो शङ्काको दाग देखेर **मेरो** मायाको मोल नघटाइदिनोस् ।

७९.कृष्ण- **मैले** शङ्का गरेको **त** हैन, सत्ते । हरे ।

८०.तिमीलाई म त्यसोभनुंला ।

८१.**मेरो** भनाइ **के** भने जत्तिकै **नजीक** भए **पनित्योतिम्रो** छोरा हुँदैन ।

८२.**त्यसैले** भोटु छँदैछ ।

८३.हैन, **मेरो** कुरा **त** सुनिदेऊ ।

८४.भोटुलाई **यहाँ** पाल्न ल्याउँदा **पनित यही** कुरा उठेको हो ।

८५.बिहे नगर्ने ठहरियो ।

८६.**अनि तिमीले** भोटुको दाज्यू छँदाछँदै **पनि** सानो **डेढ दुई वर्षको** भनेर भोटुलाई **नै** पाल्न राजी भयौ ।

८७.बिचरा भोटुको दाज्यू **त्यसै** बरालिइरहेछ ।

८८.**यहाँ** ल्याएको भए **तिमीजस्तो** आमा पाएर राम्ररी पढ्दथ्यो, बानी सप्रन्थ्यो ।

८९.हेर, भोटु नपढाएर **पनि** कुरैकुरामा सिकिरहेछ, दाज्यूचाहिँ पढेको **पनि** बिर्सिरहेछ ।

९०.**तरती सब** कुरातिरबाट आँखा चिम्लेर **काखमा** लिन हुने भनेर **तिमीले** भोटुलाई **नै** रोज्यौ ।

९१.**अनि** दोस्रो **तके** भने आमाभन्दा **पनि** बढी भएर **त्यस्तो** भोटुलाई **यस्तो** तुल्यायौ ।

९२.**त्यति**गर्न पाएपछि अवश्य **तिम्रो** आमा हुने रहर, माया गर्ने धोको **अलिकति** भएपनि मेटियो होला ।

९३.त्यसैले-

९४.युवति -हैन , मेटिएन ।

९५.झन् बढ्यो ।

९६.**त्यतिले** पुगेन ।

तलिका १२

*निर्धारित नाटकको  चौँथो पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| ६७ र ६८ | कार्यकारण सम्बन्ध |
| ६८ र ६९ | स्पष्टोक्ति सम्बन्ध |
| ६९ र ७० | परिचयात्मक सम्बन्ध |
| ७० र ७१ | परिचयात्मक सम्बन्ध |

| | |
|---|---|
| ७१ र ७२ | अनुक्रमबोधक सम्बन्धक |
| ७२ र ७३ | प्रश्नार्थक सम्बन्ध |
| ७३ र ७४ | प्रश्नार्थक सम्बन्ध |
| ७४ र ७५ | प्रश्नार्थक सम्बन्ध |
| ७५ र ७६ | कार्यकारण सम्बन्ध |
| ७६ र ७७ | अनुक्रमबोधक सम्बन्ध |
| ७७ र ७८ | अनुक्रमबोधक सम्बन्ध |
| ७८ र ७९ | स्पष्टोक्ति सम्बन्ध |
| ७९ र ८० | समुच्चयबोधक सम्बन्ध |
| ८० र ८१ | परिचयात्मक सम्बन्ध |
| ८१ र ८२ | पुनरुक्ति सम्बन्ध |
| ८२ र ८३ | अनुक्रमबोधक सम्बन्ध |
| ८३ र ८४ | अनुक्रमबोधक सम्बन्ध |
| ८४ र ८५ | अनुक्रमबोधक सम्बन्ध |
| ८५ र ८६ | अनुक्रमबोधक सम्बन्ध |
| ८६ र ८७ | अनुक्रमबोधक सम्बन्ध |
| ८७ र ८८ | अनुक्रमबोधक सम्बन्ध |
| ८८ र ८९ | अनुक्रमबोधक सम्बन्ध |
| ८९ र ९० | अनुक्रमबोधक सम्बन्ध |
| ९० र ९१ | अनुक्रमबोधक सम्बन्ध |
| ९१ र ९२ | अनुक्रमबोधक सम्बन्ध |
| ९२ र ९३ | पुनरुक्ति सम्बन्ध |
| ९३ र ९४ | कार्यकारण सम्बन्ध |
| ९४ र ९५ | प्रश्नोत्तर सम्बन्ध |
| ९५ र ९६ | स्पष्टोक्ति सम्बन्ध |
| ९६ र ९७ | अनुक्रमबोधक सम्बन्ध |

तालिका १२ अनुसार पृष्ठ चारमा भएको वाक्य सङ्ख्या ६७ र ६८ मा कार्यकारण सम्बन्ध प्रयोग भएको छ। वा.सं.६८ र ६९ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.६९,७० र ७१ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ।वा.सं.७१ र ७२ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।वा.सं.७२, ७३ ,७४ र ७५ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ।वा.सं.७५ र ७६ मा कार्यकारण सम्बन्ध प्रयोग भएको छ।वा.सं.७६,७७ र ७८ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ। वा.सं.७८ र ७९ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.७९ र ८० मा समुच्चयबोधक सम्बन्ध प्रयोग भएको छ। वा.सं.८० र ८१ मा परिचयात्मक सम्बन्ध प्रयोग भएको छ।वा.सं.८१ र ८२ मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ। वा.सं.८२,८३,८४,८५,८६,८७,८८,८९,९०,९१ र ९२ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।वा.सं.९२ र ९३ मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ।वा.सं.९३ र ९४ मा कार्यकारण सम्बन्ध प्रयोग भएको छ।वा.सं.९४ र ९५ मा प्रश्नोत्तर सम्बन्ध प्रयोग भएको छ।वा.सं.९५ र ९६ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ।वा.सं.९६ र ९७ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।

यहाँ सबैभन्दा बढी अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको पाइन्छ। साथै परिचयात्मक,पुनरुक्ति,कार्यकारण,समुच्चयबोधक,प्रश्नोत्तर र स्पष्टोक्ति सम्बन्धकको प्रयोग भएको पाइन्छ।

**निर्धारित नाटकको पाँचौ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

९७.कृष्ण- हो, पुगेन लौ।

९८.**तर** कुरा **के** भने-

९९.युवति- **के** ?

१००.कृष्ण-**यो** कुरा बहिनीलाई **कस्तो** लाग्ला।

१०१.**उसको** छोरालाई धर्मपुत्रभनेर पालिएको छ।

१०२.**उ** छँदाछँदै सन्तानकै निम्ति **अर्को** विहे गर्न **त** अलि -

१०३.युबति -**के** भो **त**?

१०४.**हाम्रो** जेठो छोरो भोटु  **नै** भो ।

१०५.कृष्ण- **तैपनि -**

१०६.युवति-**तपाईंले त्यस** कुरामा धन्दै मान्नुपर्दैन ।

१०७.नानीलाई मनाउने भारा **मेरो** भो ।

१०८.आमाकै हृदय पोखिन पाएपछि नपग्लने **त्यस्तो** साह्रो कुरो **संसारमा** छँदै छैन।

१०९.नानीलाई**म** मनाउँछु ।

११०.कृष्ण-**तर यो** कुरा भोटुलाई ल्याउनुभन्दा **अगाडि नै** भैदिएको भए**कस्तो** हुन्थ्यो ।

१११.**अहिले अलि** नराम्रो **त** नराम्रो भो ।बहिनी-

११२.युवति-**केही पनि** भएको छैन ।

११३.उहिले पनि तपाईंहरूलाई मैले नभनेकी हुँ र?

११४.**तपाईंहरूले** मान्नुभएन ।

११५.मन परेकी बुहारी भनेर सासूससुराले सौता हाल्न ठीक मान्नुभएन, **मेरो** मायाको **अगाडि त्यसै** काम्न थाल्नुभो ।

११६.कृष्ण-**म त अहिले पनि** रोक्न खोज्छु ।

११७.सकेसम्म बिहे गर्न **मेरोत** मन छैन ।

११८.**तर तिम्रो** इच्छामा बाधा **पनि** दिन चाहन्नँ ।

११९.**तिम्रो हरेक** इच्छा पूरा गराइरहन मात्रै **म** सकूँ।

१२०.(एकैछिन रोकिएर) **तर तिमीले** मनमनै यत्रो अठोट गरिसकेकी रहिछयौ ।

१२१.**मलाई आज अहिले** मात्र **किन** थाहा दियौ ?

१२२.**अस्ति त्यसरी** मूर्छा पर्यो, खान, सुत्न छाडेको **पनि दुई-तीन दिन** भैसक्यो ।

१२३.**मसित** राम्ररी नबोलेकै **पनि कति दिन** भयो ।

१२४.**मैले त** माया मान्यौ **कि** भन्ठानेको थिएँ । (मुस्कुराउँछ)

१२५.युवति- **दुई-तीन दिन** नबोलिँदैमा मर्ने भए **के** माया, **त्यसको** निम्ति काया **कसले** दिन्थ्यो ?

१२६.गहिरो माया सजिलोसित बोली **कहाँ** पाउँछ र ।

१२७.**न** गहिरो पीरले **चाँडो** आँसु आउँछ ।

१२८.हो, यो दुई- चार दिन बडो उकुसमुकुसमा बित्यो ।

१२९.आगो अलिअलि गरेर सल्किँदै आएको **त धेरै दिन** भयो होला ।

तलिका १३

*निर्धारित नाटकको  पाँचौं पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| ९७ र ९८ | अनुक्रमबोधक सम्बन्ध |
| ९८ र ९९ | प्रश्नार्थक सम्बन्धन |
| ९९ र १०० | प्रश्नार्थक सम्बन्धन |
| १०० र १०१ | प्रश्नोत्तर सम्बन्धन |
| १०१ र १०२ | अनुक्रमबोधक सम्बन्ध |
| १०२ र १०३ | प्रश्नार्थक सम्बन्धन |
| १०३ र १०४ | प्रश्नार्थक सम्बन्धन |

| | |
|---|---|
| १०४ र १०५ | अनुक्रमबोधक सम्बन्ध |
| १०५ र १०६ | कार्यकारण सम्बन्ध |
| १०६ र १०७ | स्पष्टोक्ति सम्बन्ध |
| १०७ र १०८ | अनुक्रमबोधक सम्बन्ध |
| १०८ र १०९ | अनुक्रमबोधक सम्बन्ध |
| १०९ र ११० | अनुक्रमबोधक सम्बन्ध |
| ११० र १११ | अनुक्रमबोधक सम्बन्ध |
| १११ र ११२ | अनुक्रमबोधक सम्बन्ध |
| ११२ र ११३ | स्पष्टोक्ति सम्बन्ध |
| ११३ र ११४ | प्रश्नार्थक सम्बन्धन |
| ११४ र ११५ | अनुक्रमबोधक सम्बन्ध |
| ११५ र ११६ | पुनरुक्ति सम्बन्ध |
| ११६ र ११७ | अनुक्रमबोधक सम्बन्ध |
| ११७ र ११८ | अनुक्रमबोधक सम्बन्ध |
| ११८ र ११९ | पुनरुक्ति सम्बन्ध |
| ११९ र १२० | अनुक्रमबोधक सम्बन्ध |
| १२० र १२१ | अनुक्रमबोधक सम्बन्ध |
| १२१ र १२२ | प्रश्नार्थक सम्बन्धन |
| १२२ र १२३ | कार्यकारण सम्बन्धन |
| १२३ र १२४ | अनुक्रमबोधक सम्बन्ध |
| १२४ र १२५ | अनुक्रमबोधक सम्बन्ध |
| १२५ र १२६ | प्रश्नार्थक सम्बन्धन |
| १२६ र १२७ | अनुक्रमबोधक सम्बन्ध |
| १२७ र १२८ | अनुक्रमबोधक सम्बन्ध |
| १२८ र १२९ | अनुक्रमबोधक सम्बन्ध |
| १२९ र १३० | रीतिबोधक सम्बन्धक |

तलिका १३ को आधारमा पाठको पाँचौ पृष्ठको वा.सं.९७ र ९८ मा अनुक्रमबोधक सम्बन्ध देखिएको छ । वा.सं.९८,९९ र १०० मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ । वा.सं.१०० र १०१ मा प्रश्नोत्तरको सम्बन्ध रहेको छ । वा.सं.१०१ र १०२ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१०२,१०३ र १०४ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं. १०४ र १०५ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१०५ र १०६ मा कार्यकारण सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१०६ र १०७मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१०७,१०८,१०९,११०,१११ र ११२ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ११२ र ११३ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.११३ र ११४ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ । वा.सं.११४ र ११५ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ११५ र ११६ मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.११६,११७ र ११८ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं. ११८ र ११९ मा पुनरुक्ति सम्बन्ध प्रयोग भएको छ ।वा.सं.११९,१२० र १२१ मा अनुक्रमबोधकसम्बन्ध प्रयोग भएको छ ।वा.सं.१२१ र १२२ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१२२ र १२३ मा कार्यकारण सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१२३ ,१२४ र १२५मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ ।वा.सं.१२५ र १२६ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ । वा.सं.१२६,१२७,१२८ र १२९ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ । वा.सं.१२९ र १३० मा रीतिबोधक सम्बन्ध प्रयोग भएको छ ।

यहाँसबैभन्दा बढी अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ । साथै प्रश्नार्थक,प्रश्नोत्तर,कार्यकारण,रीतिबोधक,पुनरुक्ति र स्पष्टोक्तिको प्रयोग भएको छ ।

**निर्धारित नाटकको छैंटौ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

१३०. **एकचोटि** धप्प बलेको थियो **यही** लुच्चो भोटु आएर अति सहन सकिनेसम्म पारेर सेलाइदियो ।

१३१.तर फेरि हिजोअस्तिदेखि त मुस्लिएर आयो ।

१३२.भोटु**पनि नानीकहाँ** गएको **दिन** पऱ्यो, **मलाई त** उडू **कि** बुडू भैगो ।

१३३.मूर्छा परिहालें **म, त्यसैको** बोली **कानमा** परेर ब्यूझेजस्तो लाग्छ ।

१३४.**तर** आगो दन्किन छोडेन।

१३५.आमा हुने सौभाग्य **त** हुँदै भएन **तर** गरेर हुनेसम्म पाइएसम्म आमा नभइछोड्दिन ।

१३६.(पोइको नजीक गएर) **तपाईं** बिहे गर्दिनँ नभन्नोस् **है यस पालि** ।

१३७.**यो**धर्मपुत्रसर्मपुत्र पालेर **केही पनि** हुँदैन ।

१३८.हाम्रो आफ्नो छोरा चाहिन्छ ।

१३९.कृष्ण- हुन्छ । (पोइको आँखामा युवति एकोहरो हेरिरहिछ)

१४०.हुन्छ, **म** नाई भन्दिनँ ।

१४१.युवति-(पोइसित टाँसिएर) हेर्नोस्, मेरो यो गिद्धले खाने मासु खालि आफ्नै भोगको निम्ति मात्र भो।

१४२.**यो** बल **आफ्नै** बचाउको निम्ति **मात्रै** भो ।

१४३.**मेरो** निद्रा कुम्भकर्णको निद्रा **जस्तो** मात्र भो, **मलाई** उठाउन ढयाङ्गो ठटाउनुपर्छ ।

१४४.आमाहरूको निद्रा **छातीमा** टाँस्सिएर सुतेको सन्तान अलिकति असजिलो मानेर चलमलाए मात्र **पनि** खुल्छ । .

१४५**उनीहरूको** बल सन्तानको **जीवन** हुन्छ ।

१४६.**उनीहरूको** अंगालोबाट**जीवन** पलाउँछ ।

१४७.(बोली लट्ठिदै गएको छ) **यो** मासु रोक्किएर आएको, मासुका **यी** बुँदाहरूमा रगत उम्लिरहेछ ।

१४८.**तर तिनीहरूलाई** सेलाउने राम्रो बाटो **पनि त** चाहियो नि ?

१४९.रगत **सधै** उम्लिरहन्न, मासु चाउरिहाल्छ ।

१५०.मायामा “सुकेको रगत बेश, स्याहारमा झुम्रो भएको मासु बेश ।

१५१.**जीवन जीवनमा** हराओस् ।(युवति लताङलुङ भएर पोइको काखमा टाउको अडपाउँछे, कृष्ण सहन नसकिने कुराले शरीर छोएर बलजफती छटपटी सहन खोज्छ ।)

तलिका १४

*निर्धारित नाटकको छैँटौ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| १३० र १३१ | अनुक्रमबोधक सम्बन्ध |
| १३१ र १३२ | अनुक्रमबोधक सम्बन्ध |
| १३२ र १३३ | अनुक्रमबोधक सम्बन्ध |
| १३३ र १३४ | अनुक्रमबोधक सम्बन्ध |
| १३४ र १३५ | अनुक्रमबोधक सम्बन्ध |
| १३५ र १३६ | अनुक्रमबोधक सम्बन्ध |
| १३६ र १३७ | अनुक्रमबोधक सम्बन्ध |
| १३७ र १३८ | अनुक्रमबोधक सम्बन्ध |
| १३८ र १३९ | अनुक्रमबोधक सम्बन्ध |
| १३९ र १४० | अनुक्रमबोधक सम्बन्ध |
| १४० र १४१ | अनुक्रमबोधक सम्बन्ध |
| १४१ र १४२ | स्पष्टोक्तिको सम्बन्ध |
| १४२ र १४३ | अनुक्रमबोधक सम्बन्ध |
| १४३ र १४४ | तुलनात्मक सम्बन्ध |
| १४४ र १४५ | स्पष्टोक्तिको सम्बन्ध |
| १४५ र १४६ | अनुक्रमबोधक सम्बन्ध |
| १४६ र १४७ | अनुक्रमबोधक सम्बन्ध |
| १४७ र १४८ | रीतिबोधक सम्बन्ध |

| | |
|---|---|
| १४८ र १४९ | अनुक्रमबोधक सम्बन्ध |
| १४९ र १५० | स्पष्टोक्तिको सम्बन्ध |
| १५० र १५१ | अनुक्रमबोधक सम्बन्ध |
| १५१ र १५२ | रीतिबोधक सम्बन्ध |

तलिका १४ आधारमा वा.सं.१३०,१३१,१३२,१३३,१३४,१३५,१३६,१३७,१३८,१३९,१४० र १४१ मा अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ। जसले पाठको विषयवस्तुलाई तार्कीक रुपमा अगि बढाउन मदत गरेको छ।वा.सं.१४१ र १४२ मा स्पष्टोक्तिको सम्बन्ध देखिएको छ।वा.सं.१४२ र १४३ मा अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ।वा.सं.१४३ र १४४ मा तुलनात्मक सम्बन्ध प्रयोग भएको छ। वा.सं.१४४ र १४५ मा स्पष्टोक्तिको सम्बन्ध देखिएको छ।वा.सं.१४५,१४६ र १४७ मा अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ।वा.सं.१४७ र १४८ मा रीतिबोधक सम्बन्ध देखिएको छ।वा.सं.१४८ र १४९ मा अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ।वा.सं.१४९ र १५० मा स्पष्टोक्तिको सम्बन्ध देखिएको छ। वा.सं.१५० र १५१ मा अनुक्रमबोधक सम्बन्धको प्रयोग भएको छ।वा.सं.१५१ र१५२ मा रीतिबोधक सम्बन्ध देखिएको छ।

यस पृष्ठमा अनुक्रमबोधकको बढी प्रयोग भएको छ। साथै स्पष्टोक्ति,तुलनात्मक र रीतिबोधक सम्बन्धको प्रयोग भएको छ।

**निर्धारित नाटकको सातौं पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

१५२.**मलाई** छोरो दिने पक्का **होत** ?

१५३.कृष्ण-हो भनिहाले **नि**।

१५४.**तिमीले मलाई** हो भनाइरहने पर्दैन। (युवति ओठमासन्तोषको हाँसो तर्काएर आफैँमा डुबेकी जस्तोछ।)

१५५.**मैले के** हो भन्नु।

१५६.मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमायो दुनियाँ हिंडेको भए सबको घर मसान बनिसक्थ्यो ।

१५७.मरेपछि जलाउनेहरू नपाएर **सबत्यसै** कुहिन्थे ।

१५८.दुर्गन्धको कुहिरो लाग्थ्यो ।

१५९.फुस्रो जून **र घाममा**हाडैहाडले **ङिच्च परेर** हाँस्तै **आफूलाइ** गिज्याउथे ।

१६०.**अनि** दुःखले घोत्लिएको, सुखले फुफुरिएको, बुद्धिले सन्केको, पृथ्वीको कोलाहल **यो** मानिस **संसारमा** नमूनाको निम्ति **पनि** पाइँदैनथ्यो । (लामो सास फेर्दछ)

१६१.युवति- (दिवास्वप्नबाट ब्यूँझेझैं गरी)**तपाईंले के** भनेको हँ**ऐल्हे**?

१६२.कृष्ण- सुनिनौ ?

१६३.युवति- अहं ?

१६४.कृष्ण- सुनिनौ, बेश भो ।

१६५.युवति- **किन** ?

१६६.**किन** बेश**भो तपाईंले मैले** नसुनोस् भनेर भनेको ?

१६७.कृष्ण- हैन ।

१६८.युवति-**अनि किन त** ?

१६९.कृष्ण- हैन **तिमीले** नसुनेकै वेश भो।

१७०.(उठेर) कथाकी राजकुमारीले **के** पोइको ज्यान गए पनि नसुनिछाड्दिनं **त तिमी** भन्ने छैनौं क्यारे।

१७१. युवति- (जिल्ल परेर)हैन **यसरी के** भनेको **यो तपाईंले** ?

१७२.कृष्ण-भैगो, **यो** कुरा **यही** टुङ्गियोस् ।

१७३.(एक्कासि)**लौ,** बिहे पक्का भो । (युवति जिल्ल परेर पोइलाई हेरिरहिछ । रोइरहेको भोटुलाईलिएर नोकर्नीको प्रवेश)

१७४.नोकर्नी- दूध **हजुरले नै** ख्वाइदिनुपर्‍यो **रे** ।

१७५.हजुरबज्यैले ख्वाउन लाग्नुभएको,बाबुले मान्दै मान्नुभएन ।(एकछिन सन्नाटा)भोटु चै लोभी आँखालयुवतिको काख हेरिरहेछ । युवति भोटुलाई र धेरैचोटि पोइलाई नै हेरिरहिछ ।)

तलिका १५

*निर्धारित नाटकको सातौँ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेष*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| १५२ र १५३ | प्रश्नार्थक सम्बन्ध |
| १५३ र १५४ | प्रश्नोत्तर सम्बन्ध |
| १५४ र १५५ | अनुक्रमबोधक सम्बन्ध |
| १५५ र १५६ | स्मरणको सम्बन्ध |
| १५६ र १५७ | अनुक्रमबोधक सम्बन्ध |
| १५७ र १५८ | अनुक्रमबोधक सम्बन्ध |
| १५८ र १५९ | अनुक्रमबोधक सम्बन्ध |
| १५९ र १६० | अनुक्रमबोधक सम्बन्ध |
| १६० र १६१ | अनुक्रमबोधक सम्बन्ध |
| १६१ र १६२ | प्रश्नार्थक सम्बन्ध |
| १६२ र १६३ | प्रश्नार्थक सम्बन्ध |
| १६३ र १६४ | प्रश्नार्थक सम्बन्ध |
| १६४ र १६५ | स्पष्टोक्तिको सम्बन्ध |
| १६५ र १६६ | प्रश्नार्थक सम्बन्ध |

| | |
|---|---|
| १६६ र १६७ | प्रश्नार्थक सम्बन्ध |
| १६७ र १६८ | प्रश्नोत्तरको सम्बन्ध |
| १६८ र १६९ | प्रश्नार्थक सम्बन्ध |
| १६९ र १७० | स्पष्टोक्तिको सम्बन्ध |
| १७० र १७१ | अनुक्रमबोधक सम्बन्ध |
| १७१ र १७२ | प्रश्नार्थक सम्बन्ध |
| १७२ र १७३ | अनुक्रमबोधक सम्बन्ध |
| १७३ र १७४ | अप्रत्यक्ष सम्बन्ध |
| १७४ र १७५ | स्पष्टोक्तिको सम्बन्ध |
| १७५ र १७६ | अनुक्रमबोधक सम्बन्ध |

तालिका १५ अनुसार वा.सं.१५२ र १५३ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ। वा.सं.१५३ र १५४ मा प्रश्नोत्तर सम्बन्ध प्रयोग भएको छ। वा.सं.१५४ र १५५ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ। वा.सं.१५५ र १५६ स्मरणको सम्बन्ध प्रयोग भएको छ। वा.सं.१५६,१५७,१५८,१५९,१६० र १६१ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६१,१६२,१६३ र १६४ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६४ र १६५ स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६५,१६६ र १६७ माप्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६७ र १६८ मा प्रश्नोत्तर सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६८ र १६९ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१६९ र १७० स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७० र १७१ अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७१ र १७२ मा प्रश्नार्थक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७२ र १७३ मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७३ र १७४ मा अप्रत्यक्ष सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७४ र १७५ मा स्पष्टोक्ति सम्बन्ध प्रयोग भएको छ।वा.सं.१७५ र १७६मा अनुक्रमबोधक सम्बन्ध प्रयोग भएको छ।

यहाँ सबैभन्दा बढी प्रश्नार्थक सम्बन्धको प्रयोग भएको छ।साथै अनुक्रमबोधक,स्पष्टोक्ति,प्रश्नोत्तर र अप्रत्यक्ष सम्बन्धको प्रयोग भएको देखिन्छ।

**निर्धारित नाटकको  आठौँ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

१७६.(भोटुसित) आऊ **यता ।** (भोटु हाँस्दै दगुरेर जान्छ)

१७७.(नोकनींसित) **खै** ले **त्यो ।**(नोकर्नी दूध लगेर दिन्छे । पोइचाहिँ अपराधी फुत्केझैं गरी बाहिर निस्कन्छ । युवति भोटुलाई काखमा लिएर दूध पियाउन लाग्दछे ।)

तलिका १६

*निर्धारित नाटकको आठौँ पृष्ठमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण*

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| १७६ र १७७ | आज्ञार्थक सम्बन्ध |
| १७७ र १७८ | आज्ञार्थक सम्बन्ध |

तलिका १६ अनुसार वा.सं.१७६, १७७ र १७८ मा आज्ञार्थक सम्बन्ध प्रयोग भएको छ । जसले गर्दा वाक्य अनिवितिपूर्ण रहेको देखिन्छ ।

**निष्कर्ष**

गोपाल प्रसाद रिमालद्वारा लिखित 'मसान' नाटक सम्बद्धनका प्रयोगका दृष्टिबाट हेर्दा अन्वितिपूर्ण, शृङ्खलाबद्ध, पठनयोग्य र उपयुक्त रहेको देखिन्छ। प्रस्तुत नाटकमा सरल भाषाशैलीको प्रयोग भएकाले पाठकलाई बोधगम्यताका दृष्टिले उत्कृष्ट रहेको छ । बढीजसो अनुक्रमबोध र स्पष्टोक्ति सम्बद्धनको प्रयोग भएको छ , जसले गर्दा पाठलाई सिलसिलाबद्ध र स्पष्ट पारेको छ ।

वाक्यहरूका बीच रहेको अर्थगत सम्बन्धलाई माथि तालिकामा प्रस्तुत गरी त्यसको विश्लेषण गरी स्पष्ट पारिएको छ । समग्रमा प्रस्तुत कथा सम्बद्धनका प्रयोगको दृष्टिले उपयुक्त रहेको छ।

# अध्याय पाँच

# सारांश,निष्कर्ष र उपयोगीता

## सारांश

प्रस्तुत शोधपत्रमा नाटककार गोपाल प्रसाद रिमालद्वारा रचित 'मसान' शीर्षकको नाटकको सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालीय अध्ययन विधिद्वारा स्रोत सामग्री प्रयोग गरी अध्ययन र विश्लेषण गरिएको छ । यो अध्ययन सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरु सम्बद्वक र सम्बद्वनको खोज र विश्लेषणमा आधारित रहेको छ ।

'मसान' नाटकको सङ्कथन विश्लेषणका आधारमा यो नाटक सम्बद्वक र सम्बद्वनका प्रयोगका दृष्टिले उत्कृष्ट र पठनयोग्य रहेको देखिन्छ । यस नाटकमा सरल र सहज भाषाशैलीको प्रयाग भएको छ । यो नाटक सङ्कथनका दृष्टिकोणबाट पूर्ण रहेको देखिन्छ ।

## निष्कर्ष

अभिव्यक्तिका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका सङ्कथन रहेका छन् । सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरुमा सम्बद्वक र सम्बद्वन रहेका छन् । गोपाल प्रसाद रिमालद्वारा रचित 'मसान' नाटकलाई पृष्ठगत आधारमा विभाजन गरी वाक्यगत रुपमा सङ्कथन विश्लेषणमा यिनै दुई युक्तिहरुको प्रयोग र विश्लेषण गरिएको छ ।यस शोधमा नाटकका मूख्य पात्र कृष्ण,भोटु र युवती बीच भएको संवादमा प्रयुक्त सङ्कथनका युक्तिहरुसम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण गरिएको छ।

'मसान' नाटकमा  प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्दा संयोजक र सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको देखिन्छ। यसका साथै स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, लोप, प्रश्नवाचक जस्ता व्याकरण सम्बद्धक र पुनरावृति, पर्यायवाची र समावेशात्मकता जस्ता कोशीय सम्बद्धकको प्रयोग भएको देखिन्छ। साथै यस नाटकमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्दा मूलतः यति सम्बन्ध, अनुक्रमक सम्बन्ध, परिचयात्मक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध प्रश्नार्थक सम्बन्ध, स्मरणको सम्बन्ध, प्रभाव

प्रतिफलको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, कार्यकारण सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, निहितार्थ सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध प्रयोजनको सम्बन्ध जस्ता सम्बद्धनहरूको प्रयोग भएको देखिन्छ।

नाटकमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता हेर्दा नाटक भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण र पठनयोग्य रहेको देखिन्छ। समग्रमा प्रस्तुत नाटक सङ्कथन विश्लेषणको अध्ययनका आधारमा तथा सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका सापेक्षतामा अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ।

## उपयोगिता र कार्यान्वयन

### शोधको उपयोगिता

सङ्कथन विश्लेषणले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुवैको अध्ययन र विश्लेषण गर्ने हुनाले यसको महत्व धेरै रहेको छ। प्रस्तुत शोधको शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ:

क) प्रस्तुत शोधले भाषा शिक्षणका क्षेत्रमा नाटक विधाको अध्ययन अध्यापनमा प्रत्यक्ष सहयोग पुयाउने छ।

ख) प्रस्तुत शोधले सङ्थन विश्लेषणमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताका लागि सन्दर्भ प्रदान गरी सहयोग पुयाउने छ।

ग) भाषापाठ्यक्रम र पाठ्यपुस्तक निर्माणका क्रममा मसान नाटकको स्तर निर्धारणका आधारहरू तय गर्न यस शोधले सहयोग पुऱ्याउने छ।

घ) भाषिक अभिव्यक्तिको समग्रता र अखण्डता पहिल्याउन सहयोग पुयाउने छ।

**शोधको कार्यान्वयन**

भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो।यो अविच्छिन्न तथा अखण्डित हुन्छ । सङ्कथन पनि एउटा अखण्डित भाषिक अभिव्यक्तिभित्र पर्दछ । तसर्थ सङ्कथनले भाषिक सीपलाई अखण्ड रूपमा शिक्षण गर्न सहयोग पुयाउँछ। यसका भाषिक शिक्षणका क्षेत्रमा सबै सरोकारवालाले आ-आफ्ना क्षेत्रमा प्रयोग गरी फाइदा लिन सक्छन् । विशेष गरेर भाषिक अभिव्यक्ति एवम् शिक्षण सिकाइसँग सम्बन्धित लेखक, शिक्षक, विद्यार्थी, भाषाविद, भाषिक अन्वेषक, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, समालोचक, साहित्यकार,प्राध्यापक सबैले सङक्थन विश्लेषणको आ-आफ्नो क्षेत्रमा उपयोग गरी लाभान्वित हुन सक्नेछन् ।

**भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षकका क्षेत्रहरु**

सङ्थन विश्लेषणसँग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरूका लागि निम्न लिखित आधारमा चयन गरिएका शीर्षकहरू उपयोगी बन्न छन्।

क) मसान नाटकको बाँकी अंशको सङ्कथन विश्लेषण,

ख) मसान नाटकको आलोचनात्मक सङ्कथन विश्लेषण,

ग) मसान नाटकको संवाद विश्लेषण आदि ।

## सन्दर्भसूची


अधिकारी, हेमङ्ग्राज (२०४६) *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमङ्गराज (२०६७) *सामाजिक र प्रायोगिक भाषाविज्ञान,*काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम रामप्रसाद (२०६१) *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

घिमिरे, एकराज (२०७४), *जय भोली निबन्धको सङ्कथन विष्लेषण,* इटहरी : जनता बहुमुखी क्याम्पस ।

घिमिरे, विकास (२०७४), *सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विष्लेषण,* इटहरी : जनता बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज दाहाल, दुर्गाप्रसाद (२००४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद, पारसमणी भण्डारी, दीपक न्यौपाने र तुलसीराम घिमिरे (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

न्यौपाने, टङ्कप्रसाद (२०६९), सामान्य भाषाविज्ञान , काठमाडौँ सनलाइट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद । (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरु,*काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा. लि ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषा विज्ञान,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि.।

भट्टराई,अंशु (२०६६) *कोको कथाको सङ्कथन विष्लेषण,* इटहरी : जनता बहुमुखी क्याम्पस ।

भण्डारी विद्यादेवी (२०७३), *अछूत जातिलाई टीका लाउँदा निबन्धको सङ्कथन विष्लेषण,* इटहरी : जनता बहुमुखी क्याम्पस ।

भुसाल, केशव (२०७४), *भाषाविज्ञान,*काठमाडौं : सनलाइट पब्लिकेसन ।

भुसाल,केशव(२०७८),*सङ्कथन विष्लेषण,*काठमाडौँ :सनलाइट पब्लिकेसन ।

सापकोटा, मन्जु (२०७४), *कविताको परिशिष्ट निबन्धको सङ्कथन विष्लेपण,* इटहरी : जनता बहुमुखी क्याम्पस ।

# मसान

## अघिल्लो आधा

॥ दृश्य १ ॥

कृष्णको सुत्ने कोठा। पलङमुनिको लम्पटमा बसेर उ डेस्कमा चिठी लेख्न लागेको छ। बायाँपट्टि ४-५ वर्षको बालक भोटु बचकना दोलाईमा गुटुमुटु भएर कुहिना टेकाएर ध्यानपूर्वक एउटा ठूलो किताबको तस्वीर हेरिरहेछ। कृष्ण चिठी लेख्न सिद्ध्याएर खाममा हाल्दछ, ठेगाना लेख्दछ, ठेगानामाथि सोस्ता जोरले लगाउँछ र फुर्सतको सास फेरेर हँसिलो मुखले-

कृष्ण- (मीठो लयले) भोटु !

भोटु- (किच्च हाँस्दछ।)

कृष्ण- मदर माने के रे ?

भोटु- (छिटो) आमा।

कृष्ण- स्याबास। अनि-

भोटु- यो किताब कैल्हे पढ्ने ?

कृष्ण- भोलिपर्सि। अनि, अनि आमा खै त ?

भोटु- (सम्झन खोजेर यताउति हेर्दै) आमा ! आमा ! (एउटी पच्चीसेककी बलिई-बाङ्गी युवतिको सप्को हाल्दै प्रवेश। उसको उज्यालो अनुहारमा जिउँदा आँखा र सङ्कल्प छन्।) (युवतिलाई देखेर) उ आमा !

| | |
|---|---|
| कृष्ण– | (ठट्टामा) भोटु, आमा हैन हेलेन । |
| भोटु– | हेलेन हैन आमा । हगि आमा ? |
| युवति– | (कुराको वास्तै नगरेर टाढैबाट) बिहे पक्का भो । |
| भोटु– | (उसको कुरोको जवाफ नपाएर अलि चर्को स्वरले) हेलेन हैन आमा ! |
| | (युवति बालकलाई चोर औँलाले चूप भनेर कृष्णको आँखामा हेर्दछे ।) |
| कृष्ण– | भोटुको दूध खै त ? |
| युवति– | (नोकर्नीसित) भोटुलाई हजुरबज्यैकहाँ दूध खुवाउन लैजा । (भोटु जान अनकनाएको जस्तो गरेर मुख बिगार्दछ ।) लैजा भन्या । (नोकर्नी अनकनाएको भोटुलाई बोकेर लैजान्छे । युवति फेरि कृष्णको आँखामा हेर्न थाल्दछे ।) |
| कृष्ण– | के ? |
| युवति– | (गर्वले) बिहे पक्का भो । |
| कृष्ण– | कसको ? |
| युवति– | बज्यै पनि राजी हुनुभो । बज्यैको र मेरो कुरा मिलेको सुनेर बाजेचाहिँ हराएको लट्ठी पाएजस्तै गरेर बिनालट्ठी नै खुशीले जुरुक्क उठ्नुभो । बिहे पक्का भो । |
| कृष्ण– | कसको ? |
| युवति– | तपाईंको । |
| कृष्ण– | कल्ले भनेर ? |
| युवति– | (निर्धक्कसित) मैले भनेर । |
| कृष्ण– | कसरी ? |
| युवति– | केटी खोजेर, कामकुरो छिनेर, बाजा बजाएर– |
| कृष्ण– | छिः छिः छिः छिः ! यो कुरो तिम्रो टाउकोमा कल्ले हालिदियो फेरि ? |
| युवति– | कसैले हाल्नुपर्ने कुरा हैन । कसैले हालेको हैन । त्यो मभित्र मसँगसँगै जन्म्यो । पहिले पीपलको गेडा जत्रै सानो हुँदो हो । |

अहिले त भ्याम्म ठूलो रूख नै भैसक्यो । अचेल त्यसको शीतल छायामा बसेर मलाई गुनिरहन, सपना देखिरहन मात्रै मन लाग्छ । मलाई एउटा छोरो चाहिन्छ ।

कृष्ण– उ भोटु छैन ? (भोटु त बरु छैन, ज्या ! तर उ बसेको ठाउँलाई लिएरै) कस्तो त्यो तिम्रो छोरो जस्तै भैसक्यो । उसको अगाडि तिमीलाई अरू थोक नभनेर आमा नै भन्नुपर्ने भैसक्यो । कस्तो रूखो साह्रो प्याँकिएको ढुङ्गो जस्तो थियो । तिम्रो आमाको जस्तो स्याहार पाएर, तिम्रो पोसिलो माया पिएर त्यो यी यस्तो चञ्चल, हँसिलो र काखमा लिइरहूँ जस्तो भैसक्यो । तिमीले उसलाई आफ्नो छोरो नसम्झे पनि उसले त संसारमा अरू सबैलाई जन्म दिने आमालाई समेत बिर्सेर तिमीलाई साक्खै आफ्नै आमा सम्झिसक्यो । भोटुतिरबाट मन त्यसरी नचुँड । भोटुलाई त्यसै नबिर्स ।

युवति– बिर्सेको छैन । (कठोर भएर) त्यसमा तपाईंको अंश छैन ।

कृष्ण– (युवतिलाई एकछिन क्वारक्वारती हेरेपछि) हिजो अस्तिसम्मको भोटुमाथिको तिम्रो माया सम्झेर मलाई तिमीले भोटुलाई त्यसो भन्ल्यौ जस्तो लागेको थिएन ।

युवति– हो ।

कृष्ण– अनि ?

युवति– यो गर्दा हुने माया भो । मलाई त नगरी नसकिने माया चाहिएको छ । केही दिन पालेको खसी पनि मायालाग्दो हुन्छ । त्यसलाई काट्दा कसो-कसो मनमा भस्का पसिहाल्छ । भोटुको त कुरै भएन । मलाई त यस्तो माया चाहिरहेछ जसले मलाई सुकाओस्, जलाओस्, रित्याओस् । हरबखत मायालु वस्तु सम्झियोस्, आफूलाई बिर्सियोस् । आफ्नो जीवन दिएर त्यो लिन परोस् । त्यो पूरा हुँदा बरु म्र सकियूँ । मलाई छोरो चाहिएको छ ।

कृष्ण– त्यस्तो कुरा गर्छौ भने त कुरा बेग्लै हो । तर मैले अर्को बिहे गरेर छोरो जन्म्यो भने पनि त त्यो तिम्रो छोरो हुँदैन क्यारे ।

युवति– हुन्न हो । बाँकी भएपछि आफ्नै छातीमाथि नाच्ने हरियाली त म कहाँ पाऊँ र मेरो छोरो होस् । त्यसमा तपाईंको अंश हुन्छ । त्यत्तिले नै मेरो छाती भरी हुन्छ । अनि भोटुभन्दा त्यो धेरै नजीक पनि हुन्छ ।

कृष्ण– नजीक पनि हुन्छ, अनि सौताको छोरो पनि हुन्छ ।

युवति– के रे ? (दुवै एकैछिन मुखामुख गर्दछन्, कृष्ण अड्न सक्तैन ।) तपाईंले मलाई त्यस्तो भन्न सुहायो ? कस्तो पराई देख्न खोजेको हो मलाई ? तपाईंको छोरो तपाईंको अंश पाएपछि, हेर्नुहोला कसरी मेरो माया त्यस्ता सौतेनी पर्खालसर्खाल नाघेर पारि पुग्दछ । कसरी मेरो मायाको वेगले त्यस्ता सानातिना बाँध बगाएर लैजाँदो रहेछ । तपाईं एउटा सन्तान पाएर मेरो काखमा मात्र हालिदिनोस् । व्यर्थमा नचाहिँदो शङ्काको दाग देखेर मेरो मायाको मोल नघटाइदिनोस् ।

कृष्ण– मैले शङ्का गरेको त हैन, सत्ते । हरे ! तिमीलाई म त्यसो भनुँला ! मेरो भनाइ के भने जत्तिकै नजीक भए पनि त्यो तिम्रो छोरा हुँदैन । त्यसैले भोटु छँदैछ । हैन, मेरो कुरा त सुनिदेऊ । भोटुलाई यहाँ पाल्न ल्याउँदा पनि त यही कुरा उठेको हो । बिहे नगर्ने ठहरियो । अनि तिमीले भोटुको दाज्यू छँदाछँदै पनि सानो डेढ-दुई वर्षको भनेर भोटुलाई नै पाल्न राजी भयौ । बिचरा भोटुको दाज्यू त्यसै बरालिइरहेछ । यहाँ ल्याएको भए तिमी जस्तो आमा पाएर राम्ररी पढ्दथ्यो, बानी सप्रन्थ्यो । हेर, भोटु नपढाएर पनि कुरैकुरामा सिकिरहेछ, दाज्यूचाहिँ पढेको पनि बिर्सिरहेछ । तर ती सब कुरातिरबाट आँखा चिम्लेर काखमा लिन हुने भनेर तिमीले भोटुलाई नै रोज्यौ । अनि दोस्रो त के भने आमाभन्दा पनि बढी भएर त्यस्तो भोटुलाई यस्तो तुल्यायौ । त्यति गर्न पाएपछि अवश्य तिम्रो आमा हुने रहर, माया गर्ने धोको अलिकति भए पनि मेटियो होला । त्यसैले–

युवति– हैन, मेटिएन । झन् बढ्यो । त्यतिले पुगेन ।

कृष्णा– हो, पुगेन लौ । तर कुरा के भने–

युवति– के ?

कृष्णा– यो कुरा बहिनीलाई करतो लाग्ला । उसको छोरालाई धर्मपुत्र भनेर पालिएको छ । उ छँदाछँदै सन्तानकै निम्ति अर्को बिहे गर्न त अलि खै– ?

युवति– के भो त ? हाम्रो जेठो छोरो भोटु नै भो ।

कृष्णा– तैपनि–

युवति– तपाईंले त्यस कुरामा धन्दै मान्नुपर्दैन । नानीलाई मनाउने भारा मेरो भो ! आमाकै हृदय पोखिन पाएपछि नपग्लने त्यस्तो साह्रो कुरो संसारमा छँदै छैन । नानीलाई म मनाउँछु ।

कृष्णा– तर यो कुरा भोटुलाई ल्याउनुभन्दा अगाडि नै भैदिएको भए कस्तो हुन्थ्यो ! अहिले अलि नराम्रो त नराम्रो भो । बहिनी–

युवति– केही पनि भएको छैन । उहिले पनि तपाईंहरूलाई मैले नभनेकी हुँ र ? तपाईंहरूले मान्नुभएन । मन परेकी बुहारी भनेर सासूससुराले सौता हाल्न ठीक मान्नुभएन, मेरो मायाको अगाडि त्यसै काम्न थाल्नुभो ।

कृष्णा– म त अहिले पनि रोक्न खोज्छु । सकेसम्म बिहे गर्न मेरो अझै मन छैन । तर तिम्रो इच्छामा बाधा पनि दिन चाहन्नँ । तिम्रो हरेक इच्छा पूरा गराइरहन मात्रै म सकूँ । **(एकैछिन रोकिएर)** तर तिमीले मनमनै यत्रो अठोट गरिसकेकी रहिछयौ । मलाई आज, अहिले मात्र किन थाहा दियौ ? अस्ति त्यसरी मूर्छा पर्‍यौ, खान, सुत्न छाडेको पनि दुई-तीन दिन भैसक्यो । मसित राम्ररी नबोलेकै पनि कति दिन भयो । मैले त माया मार्‍यौ कि भन्ठानेको थिएँ । **(मुस्कुराउँछ)**

युवति– दुई-तीन दिन नबोलिँदैमा मर्ने भए के माया, त्यसको निम्ति काया कसले दिन्थ्यो ? गहिरो माया सजिलोसित बोली कहाँ पाउँछ र ! न गहिरो पीरले चाँडो आँसु आउँछ । हो, यो दुई-चार दिन बडो उकुसमुकुसमा बित्यो । आगो अलिअलि गरेर

सल्किँदै आएको त धेरै दिन भयो होला । एकचोटि धप्प बलेको थियो यही लुच्चो भाटु आएर अलि सहन सकिनेसम्म पारेर सेलाइदियो । तर फेरि हिजोअस्तिदेखि त मुस्लिएर आयो । भोटु पनि नानीकहाँ गएको दिन पर्‍यो, मलाई त उडूँ कि बुडूँ भैगो । मूर्छा परिहालें म, त्यसैको बोली कानमा परेर ब्यूँझेजस्तो लाग्छ । तर आगो दन्किन छोडेन । आज यो बिहेको अठोट गरेपछि केही कम भएजस्तो लागिरहेछ । आमा हुने सौभाग्य त हुँदै भएन तर गरेर हुनेसम्म पाइएसम्म आमा नभइछोड्दिनँ । (पोइको नजीक गएर) तपाईं बिहे गर्दिनँ नभन्नोस् है यस पालि । यो धर्मपुत्रसर्मपुत्र पालेर केही पनि हुँदैन । हाम्रो आफ्नो छोरा चाहिन्छ ।

कृष्णा– हुन्छ । (पोइको आँखामा युवति एकोहरो हेरिरहिछ) हुन्छ, म नाइँ भन्दिनँ ।

युवति– (पोइसित टाँसिएर) हेर्नोस्, मेरो यो गिद्धले खाने मासु खालि आफ्नै भोगको निम्ति मात्र भो । यो बल आफ्नै बचाउको निम्ति मात्रै भो । मेरो निद्रा कुम्भकर्णको निद्रा जस्तो मात्र भो, मलाई उठाउन ढयाङ्ग्रो ठटाउनुपर्छ । आमाहरूको निद्रा छातीमा टाँसिएर सुतेको सन्तान अलिकति असजिलो मानेर चलमलाए मात्र पनि खुल्छ । उनीहरूको बल सन्तानको जीवन हुन्छ । उनीहरूको अँगालोबाट जीवन पह्लाउँछ । (बोली लट्ठिँदै गएको छ) यो मासु राँकिएर आएको, मासुका यी लुँदाहरूमा रगत उम्लिरहेछ । तर तिनीहरूलाई सेलाउने राम्रो बाटो पनि त चाहियो नि ? रगत सधैं उम्लिरहन्न, मासु चाउरिहाल्छ । मायामा सुकेको रगत बेश, स्याहारमा कुप्रो भएको मासु बेश । जीवन जीवनमा हराओस् ।

(युवति लताङलुतुङ भएर पोइको काखमा टाउको अड्याउँछे, कृष्णा सहन नसकिने कुराले शरीर छोएझैं बलजफती छटपटी सहन खोज्छ ।)

मलाई छोरो दिने पक्का हो त ?

कृष्ण– हो भनिहालें नि । तिमीले मलाई हो भनाइरहने पर्दैन ।

(युवति ओठमा सन्तोषको हाँसो तर्काएर आफैँमा डुबेकी जस्तो छ ।)

मैले के हो भन्नु ! मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमा यो दुनियाँ हिँडेको भए सबको घर मसान बनिसक्थ्यो । मरेपछि जलाउनेहरू नपाएर सब त्यसै कुहिन्थे । दुर्गन्धको कुहिरो लाग्थ्यो । फुसो जून र घाममा हाडैहाडले डिच्च परेर हाँस्तै आफूलाई गिज्याउँथे । अनि दुःखले घोत्लिएको, सुखले फुर्फुरिएको, बुद्धिले सन्केको, पृथ्वीको कोलाहल यो मानिस संसारमा नमूनाको निम्ति पनि पाइँदैनथ्यो । (लामो सास फेर्दछ)

युवति– (दिवास्वप्नबाट ब्यूँझेँ गरी) तपाईंले के भनेको हँ ऐल्हे ?

कृष्ण– सुनिनौ ?

युवति– अहँ ?

कृष्ण– सुनिनौ; बेश भो ।

युवति– किन ? किन बेश भो ! तपाईंले मैले नसुनोस् भनेर भनेको ?

कृष्ण– हैन ।

युवति– अनि किन त ?

कृष्ण– हैन तिमीले नसुनेकै बेश भो । (उठेर) कथाकी राजकुमारीले झैँ पोइको ज्यान गए पनि नसुनिछाड्दिनँ त तिमी भन्ने छैनौ क्यारे !

युवति– (जिल्ल परेर) हैन यसरी के भनेको यो तपाईंले ?

कृष्ण– भैगो, यो कुरा यहीं टुङ्गियोस् । (एक्कासि) लौ, बिहे पक्का भो ।

(युवति जिल्ल परेर पोइलाई हेरिरहिछ । रोइरहेको भोटुलाई लिएर नोकर्नीको प्रवेश ।)

नोकर्नी– दूध हजुरले नै ख्वाइदिनुपर्‍यो रे । हजुरबज्यैले ख्वाउन लाग्नुभएको, बाबुले मान्दै मान्नुभएन ।

(एकछिन सन्नाटा । भोटु रुँदै लोभी आँखाले युवतिको काख

हेरिरहेछ। युवति भोटुलाई र धेरैचोटि पोइलाई नै हेरिरहिछ।)

युवति– (भोटुसित) आऊ यता।

(भोटु हाँस्दै दगुरेर जान्छ)

(नोकर्नीसित) खै ले त्यो।

(नोकर्नी दूध लगेर दिन्छे। पोइचाहिँ अपराधी फुत्केझैं गरी बाहिर निस्कन्छ। युवति भोटुलाई काखमा लिएर दूध पियाउन लाग्दछे।)

पर्दा

॥ दृश्य २ ॥

(ढुकुटी कोठाबाहिरको एउटा चोटा। ढुकुटीको ढोकामा एउटा ठूलो भोटेताल्चा मारिएको छ। नेपथ्यमा बिहेको बाजा बजिरहेछ। पाथीचुल्ठो जोर्ने सरजाम लिएका दुई नोकरहरूको प्रवेश।)

पहिलो नोकर– (मालताल बिसाएर) लौ, यीं त होला नि पाथीचुल्ठो जोर्ने भनेको।

अर्को नोकर– हो र ?

पहिलो नोकर– हो हो, लौ राख यीं। नभए पनि हो अब। यीं राख।

अर्को नोकर– (मालताल बिसाएर) मलाई त हेर ठूले दाइ, यो बिहेको बाजा सुन्यो कि फेरि बिहे गरूँ गरूँ लाग्छ।

पहिलो नोकर– यो कुरा मलाई किन सुनाएको त तिमीले ? कान्छी ल्याउने मन भए आफ्नी जेठीलाई गएर सुनाऊ न यो कुरा।

अर्को नोकर– बाबै !

अर्को नोकर– त्यस्तो डराउँदा रैछौ त के बिहेको कुरा गरेको।

अर्को नोकर– रहरको कुरोसम्म पो त ठूले दाइ। त्यसरी भन्या वेलामा बिहे गर्न पाउन त हाम्री दुलही बज्यै जस्ती स्वास्नी चाहिन्छ। पोइलाई कर लाई लाई बिहे गरिदिइन्। तर कुन ठूलो भाग खाउँला भनेर आफ्नै हातले सौता हुलेकी हुन् यिनले ?